सुर्नया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, रौलेश्वर, बैतडी

सुदुरपश्चिम प्रदेश, नेपाल

# सुर्नया गाउँपालिकाबाट प्रकाशित

**खण्ड ७ संख्या ३ मिति २०८१/१०/१४**

**भाग-२**

# सुर्नया गाउँपालिका


# बाल विवाह अन्त्यका लागि स्थानीय रणनीति

# र

# कार्ययोजना,२०८१



Scanned with OKEN Scanner




# बाल विवाह अन्त्यका लागि स्थानीय रणनीति २०८१

प्रकाशन मिति २०८१ मंसीर

छपाई प्रति :.....

**प्रतिलिपी अधिकारः** सुर्नया गाउँपालिका, बैतडी

यो प्रकाशन नेपाल सरकार, सुर्नया गाउँपालिका, एन.एफ.सी.सी./यु.एन.एफ.पी.ए.को सहकार्यमा प्रकासित भएको छ ।

**मस्यौदा प्राबिधिक कार्य समुह :**

१. संयोजक : श्री टंक प्रसाद अवस्थी शिक्षा शाखा प्रमुख
२. सदस्य : राम सिंह महरा स्वास्थ्य शाखा प्रमुख
३. सदस्य : निर्मला चन्द महिला बालबालिका शाखा प्रमुख
४. सदस्य : सरस्वती बिष्ट किशोरी सहजकर्ता
५. सदस्य : यज्ञराज धामी किशोर सहजकर्ता

**सल्लाहकार :**

१. गाउँपालिका अध्यक्षः श्री अम्मर बहादुर कुँवर
२. गाउँपालिका उपाध्यक्षः श्री मन्जु महरा (बोहरा)
३. गाउँपालिका प्रवक्ता : श्री प्रताप महरा
४. प्रमुख प्रशासकीय अधिकृतः श्री लोग राज जोशी

**प्राविधिक सहयोग :**

१. यु.एन.एफ.पी.ए.जिल्ला सयोजक : श्री खगेन्द्र भट्ट
२. एन.एफ.सी.सी. प्रदेश संयोजक : श्री बिनय चौधरी

**लेखन तथा सम्पादनः** परामर्शदाता श्री देवीलाल उपाध्याय

सुर्नया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

अम्मर बहादुर कुँवर
गा.पा.अध्यक्ष



Scanned with OKEN Scanner

विषय सुचि


१. प्रस्तावना
२. अन्तरास्ट्रिय प्रतिबद्धता
३. राष्ट्रिय नीति तथा कानुन
४. सुर्नया गाउँपालिकाको बाल विवाहको अवस्था, नीति, रणनीति एवं योजनाहरु
५. रणनीतिको औचित्य
६. रणनीतिका सिद्धान्तहरु
७.रणनीति तर्जुमा प्रक्रिया
८.रणनीतिको दुरदृष्टि
९. रणनीतिको ध्येय
१०.रणनीतिको लक्ष्य
११. रणनीतिका उद्देश्यहरु
१२. रणनीति तथा कार्यनीति
१३. रणनीतिका अपेक्षित उपलब्धिहरु
१४. अनुगमन र मुल्यांकन
१५. संस्थागत संरचना
१६. रणनीति कार्यान्वयनका लागि सरोकारवालाको भुमिका
१७. सहकार्य तथा समन्वय
१८. स्रोत व्यवस्थापन
१९. बिस्तृत कार्ययोजना


अम्बर बहादुर कुँवर
गा.पा.अध्यक्ष

सुर्नया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with OKEN Scanner

# बाल विवाह अन्त्यका लागि स्थानीय रणनीति
# र
# कार्ययोजना, २०८१

गाउँ कार्यपालिका बाट स्वीकृत मितिः२०८०/०९/०१
प्रमाणीकरण मितिः२०८०/०९/........

## १. प्रस्तावना :

बाल विवाह एक गम्भीर सामाजिक समस्या हो, जसले बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, र आर्थिक भविष्यलाई प्रतिकुल रूपमा असर पुर्‍याउँछ । बाल विवाहले बालिकाहरूको शिक्षामा अवरोध पुर्याउने, उनीहरूको स्वास्थ्य जोखिम बढाउने, र गरिबीको चक्रलाई कायम राख्ने गर्छ । विशेषगरी ग्रामीण तथा कम विकसित क्षेत्रहरूमा बाल विवाहको दर अझ बढी देखिन्छ, जसले समाजको समग्र विकासमा बाधा पुर्याइरहेको छ । बाल विवाहको कारण जटिल र बहुआयामिक छन् । गरिबी, अशिक्षा, लैङ्गिक असमानता, र सांस्कृतिक मान्यता यस समस्याका मुख्य कारकहरू हुन् । यस्ता चुनौतीहरूको समाधानका लागि एक दीर्घकालिन, समग्र र बहु-आयामिक रणनीति आवश्यक छ, जसमा शिक्षा, कानूनी व्यवस्था, स्वास्थ्य, र सामाजिक संरचनामा परिवर्तन गराउन सकियोस् । यस रणनीतिको उद्देश्य समाजका सबै तहमा बाल विवाहको हानिकारक प्रभावको बारेमा सचेतना फैलाउनु, कानूनी कार्यान्वयनलाई कडा बनाउनु, र बालिकाहरूलाई अधिकार सहितको जीवनयापनको अवसर प्रदान गर्नु हो । यो रणनीति सरकार, गैरसरकारी संस्था, सामुदायिक संस्था, र समाजका विभिन्न समूहहरू बीचको सहकार्य द्वारा प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । बाल विवाह अन्त्य रणनीतिले शिक्षाको पहुँच सुधार, कानूनी सुदृढीकरण, जनचेतना अभिवृद्धि, र आर्थिक सशक्तीकरणमार्फत बालबालिकाको अधिकारको संरक्षण गर्ने उद्देश्य राखेको छ । यो रणनीति दिगो विकासका लक्ष्यहरू, विशेष गरी बालबालिकाको अधिकार, शिक्षा, स्वास्थ्य र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने महत्त्वपूर्ण आधारशिला हुनेछ । समग्रमा, बाल विवाह अन्त्य गर्न सशक्त कानुनी, सामाजिक, र शैक्षिक हस्तक्षेप आवश्यक छ, जसले बालबालिकाको उज्वल भविष्य र समाजको दीर्घकालिन प्रगतिमा योगदान पुर्याउन सकिनेछ ।

## २. अन्तरास्ट्रिय प्रतिबद्धता :

बाल विवाह विरुद्धको लडाईँमा अन्तर्राष्ट्रिय स्तरमा धेरै कानुनी, नैतिक, र नीतिगत प्रतिबद्धताहरू विकसित भएका छन् । बाल विवाहले बालबालिकाको शिक्षा, स्वास्थ्य, अधिकार र भविष्यलाई प्रत्यक्ष प्रभाव पार्छ, त्यसैले विभिन्न अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र पहलहरू बाल विवाह अन्त्य गर्ने उद्देश्यले प्रतिबद्ध भएका छन्। मुख्य अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू यस प्रकार छन्:

**क. संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धि (Convention on the Rights of the Child, CRC-1989):** यो सन्धिले सबै बालबालिकाको अधिकारलाई सुरक्षित राख्न, उनीहरूको स्वास्थ्य, शिक्षा, र बालविवाहजस्ता हानिकारक प्रथाबाट रक्षा गर्न राज्यलाई बाध्यकारी बनाएको छ । यस सन्धिले १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई बालविवाह गर्न नपाउने कुरा स्पष्ट रूपमा उल्लेख गर्छ भने हाम्रो देशको कानुनले २० बर्ष भन्दा कम उमेरका बिबाहलाई गैरकानुनी मानेको छ । हाम्रो देश नेपाल बाल अधिकार महासन्धि लगायत मानव अधिकार सम्बन्धी अन्य महासन्धिको पक्षधर राष्ट्र पनि हो ।

**ख. दिगो विकास लक्ष्य (Sustainable Development Goals - SDGs):** SDG लक्ष्य ५.३ अन्तर्गत बाल विवाह, बलात्कार, र अन्य हानिकारक प्रथा अन्त्य गर्ने प्रतिबद्धता गरिएको छ । २०३० सम्म बाल विवाहको प्रचलन समाप्त गर्ने लक्ष्य यसले लिएको छ ।

**ग. महिला हिंसा उन्मूलन सम्बन्धी घोषणा (Declaration on the Elimination of Violence against Women - 1993):** यस घोषणामा बालविवाहलाई महिलामाथि हुने हिंसाका रूपमा परिभाषित गर्दै, यो अन्त्य गर्न कानुनी र सामाजिक कदम चाल्न आग्रह गरिएको छ ।

**घ. बेइजिङ घोषणा र कार्यसूची (Beijing Declaration and Platform for Action - 1995):** महिलाहरूका लागि विश्वव्यापी अधिकारलाई बढावा दिन र हानिकारक प्रथाहरूलाई रोक्न यो घोषणाले महत्वपूर्ण भूमिका खेलेको छ। यसले बाल विवाहलाई लिंग आधारित हिंसाको एक प्रकार मान्दै यसको अन्त्यको लागि सबै देशहरूलाई कदम चाल्न निर्देशन दिएको छ ।

**ङ. UNICEF र UNFPA को बाल विवाह अन्त्य विश्वव्यापी पहल (Global Programme to End Child Marriage):** संयुक्त राष्ट्रसंघको यी दुई निकायले बाल विवाहलाई रोक्नका लागि संयुक्त प्रयास गर्दै विश्वभरि अभियान सञ्चालन गरिरहेका छन् । यो पहलले बालविवाह अन्त्य गर्न नीति निर्माण, कानुनी सुधार, र समुदाय-स्तरमा सचेतना बढाउने काम गर्छ ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

सुर्नया गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गैलेश्वर, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

**च. CEDAW (Convention on the Elimination of All Forms of Discrimination Against Women - 1979):** यस सन्धिले पनि बालविवाहलाई लैङ्गिक विभेदको एक रूप मानेको छ। यसले सदस्य राष्ट्रहरूलाई १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको विवाहलाई प्रतिबन्धित गर्न कानुनी कदम चाल्न आग्रह गरेको छ।

**छ. दक्षिण एशियाली पहल (South Asian Initiative to End Violence Against Children - SAIEVAC):** दक्षिण एशियाली देशहरूमा बालविवाह अन्त्य गर्न क्षेत्रीय स्तरमा गरिएको यो पहल महत्त्वपूर्ण छ। यस पहलले बालविवाह सम्बन्धी कानुनी सुधार, शिक्षा, र जागरूकताका लागि काम गर्छ।

त्यसैगरी हाम्रो देशले जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना १९९४ लागु गर्ने प्रतिवद्धता, सन् २०१३ मा बालविवाह, कम उमेरमा हुने विवाह र जवर्जस्ती हुने विवाहसम्बन्धी संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिको संकल्प प्रस्तावको सहप्रायोजन गरी बालविवाह विरुद्धको प्रतिवद्धता जाहेर, सन् २०१४ मा बेलायतमा सम्पन्न शिखर सम्मेलनमा नेपालले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने प्रतिवद्धता जाहेर, बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५-२०१८) को कार्यान्वयनमा प्रतिवद्धता र सार्क स्तरमा बालविवाह अन्त्यका लागि सन् २०१४ नोभेम्बरमा काठमाडौं शिखर सम्मेलन आयोजना गरी काठमाडौं घोषणापत्र जारी अन्तराष्ट्रिय रुपमा बाल विवाह शसक्त रुपमा उभिएको छ। यी सन्धि र प्रतिवद्धताहरूले बाल विवाहलाई एक गम्भीर समस्या मानेर यसको अन्त्य गर्न कानुनी, नीतिगत, र सामाजिक स्तरमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

**३. राष्ट्रिय नीति तथा कानुन**

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। मानव अधिकारको दृष्टिकोणवाट आफूले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ। यसका लागि प्राय सबै मुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन्। नेपालको मुलुकी अपराध संहित ऐन, २०७४ मा विवाहको लागि कानुनी उमेर २० वर्ष तोकिएको छ। नेपालको संबैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बाल विवाहलाई पहिलो पटक बालअधिकार हनन को रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ।

नेपालको संविधान २०७२ को धारा ३१ अनुसार शिक्षा सम्वन्धि हक, धारा ३५ अनुसार स्वास्थ्य सम्वन्धि हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाको हकहरुले बालबालिकाहरुको सबै अधिकार सुनिश्चित गरेको छ। बालबालिकाको अधिकार सुनिश्चित गर्न थुप्रै कानुनी व्यवस्था गरिएको छ। जसमा बालबालिका सम्वन्धी ऐन २०७५, बालश्रम (निषेध र नियमित) गर्ने ऐन २०५६, स्थानीय सरकार संचालन ऐन, २०७४ बालबालिकाको निम्ति विशेष ऐनका रुपमा रहेका छन भने, मुलुकी अपराध (संहीता) ऐन, मुलुकी देवानी (संहीता) ऐन, २०७४, बालबालिका सम्वन्धि नीति २०६९ समग्र राष्ट्रिय कार्ययोजना २०७०।७१–०७४।७५ लगायत अन्य धेरै ऐन तथा नीति नियमहरुमा बालबालिकाका सम्वन्धी थुप्रै व्यवस्थाहरु भएको पाइन्छ। यस अतिरिक्त बालन्याय (कार्यविधि) नियमावली, २०६३, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका २०६८, आवासीय बालगृहको संचालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०६९, बालबालिका सम्वन्धी राष्ट्रिय नीति, २०६९ लगायतका अर्को तहका दस्तावेजहरु रहेका छन्। मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण गर्ने) ऐन, २०६४ र यसको नियमावली २०६५, घरेलु हिंसा नियन्त्रण गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६६, कमैया (श्रम निषेध गर्ने) सम्वन्धी ऐन,, २०५८, बालबालिका शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८, बाल हेल्पलाइन संचालन कार्यविधि २०६४, निःशुल्क फोन १०९८ (दश नौ आठ) सहितको साथै हराएका बालबालिका खोजतलास तथा समन्वयका लागि निःशुल्क फोन नं १०४ सहित बालबालिका खोजतलास केन्द्र संचालनमा रहेका छन्। बालसंरक्षण तथा बालअधिकार सुनिश्चित गर्न शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षासँग सम्वन्धित ऐन कानूनहरुका साथै विभिन्न कार्यक्रमगत व्यवस्थाहरु, मन्त्रिपरिषद देखि मन्त्रालयसम्मका निर्णयहरुवाट कार्यान्वयनमा रहेकाछन्। यसका साथै बालश्रम अन्त्यका लागि राष्ट्रिय गुरु योजना २०७५ देखि २०८५, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ बालबालिकाको संरक्षणका लागि बनेका प्रमुख दस्तावेज को रुपमा रहेको पाईन्छ।

संविधान प्रदत्त स्थानीय तहका अधिकार क्षेत्र र स्थानीय विकासका आधारभुत क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनको माध्यम बाट मुलुकको समृद्धिको मार्ग प्रशस्त गर्नु आम नेपालीका लागि आजको प्रमुख अभिभारा भएकोछ। यस अभिभारालाई परिणाममुखि बनाउन स्थानीय सरकारको हैसियतमा स्थानीय तहले सम्पादन गर्ने आर्थिक, भौतिक, सामाजिक तथा सांस्कृतिक विकास र विस्तारका कार्यहरुलाई स्थानीय बासिहरुकै सहभागिता र साझेदारीमा व्यवस्थित, प्रभावकारी र समयबद्धरुपमा बालमैत्री स्थानीय शासनको मूलमर्म र भावना बमोजिम वर्तमानको आवश्यकताका आधारमा बालमैत्री गाउँपालिका घोषणालाई व्यवस्थापनकालागि आधार तयार पर्नु अनिवार्य छ। तसर्थ सुर्नया गाउँपालिकाले यथार्थ सूचनाका आधारमा बालबालिकाहरुको आधारभुत अवस्था पहिचान गरी उनीहरुका चाहाना र आवश्यकता क्रमिक रुपले पुरा गर्दै यस



Scanned with OKEN Scanner

गाउँपालिकालाई वालमैत्री गाउँपालिकाको रुपमा विकास गर्न सरोकारवालाहरुको सहभागितामा बाल विवाह अन्त्य गर्ने रणनिति तयार गरी सोहि बमोजिम गाउँपालिकालाई वालवालिकाहरूको तमाम अधिकारहरूलाई परिलक्षित गरि सोहि अनुसारका कार्यक्रम तथा योजनाहरू सञ्चालन तथा व्यवस्थापन गर्ने अठोट र प्रतिवद्धताका साथ यो रणनिति योजना तयार गरिएको छ।

यो रणनीति सरकारको अन्तरास्ट्रिय प्रतिबद्धताको सम्मान, राष्ट्रिय लक्ष्य हासिलको लागि योगदान तथा प्रदेश तथा स्थानीय सरकारको प्राथमिकताको क्षेत्र हो भने स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान अनुसार सामाजिक विकासको बाधकहरु तथा समाजमा रहेका हानिकारक अभ्यासहरु र कुरीती हरुको अन्त्य गर्दै भेदभाव रहित र समतामुलक समाज स्थापनाको लागि गरिने प्रयासको मार्गदर्शन हो।

नेपालमा बाल विवाहलाई दण्डनीय अपराधको रुपमा स्वीकारी रोकथामका लागि विभिन्न कानुनी प्रावधान र नीतिहरू लागू गरिएका छन्। मुलुकी अपराध संहिता ऐन, २०७४ अनुसार, २० वर्ष उमेर नपुगी विवाह गरे वा गराएमा विवाह स्वतः बदर हुने व्यवस्था छ। साथै, यस्तो कार्यमा संलग्न व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने प्रावधान गरिएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ (२) (ण) अनुसार, बालबालिकासँग विवाह गर्नु वा गराउनु बालबालिका विरुद्धको कसुर मानिएको छ। दफा ६७ अनुसार, यस्तो कसुर गर्ने व्यक्तिले दश वर्षसम्म बालबालिकासँग सम्बन्धित सार्वजनिक वा निजी क्षेत्रमा काम गर्न, मनोनित हुन, वा निर्वाचित हुन नपाउने व्यवस्था गरिएको छ। बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ ले नेपाल सरकारले सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने लक्ष्यसहित यो रणनीति जारी गरेको छ। यसले किशोरकिशोरीसँग सम्बन्धित सबै मुद्दा सम्बोधन गर्न र बालविवाह अन्त्यका लागि कानुन कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गर्ने उद्देश्य राखेको छ। यी कानुनी प्रावधान र नीतिहरूको प्रभावकारी कार्यान्वयनले बालविवाह न्यूनीकरणमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

**४. सुर्नया गाउँपालिकाको बाल विवाहको अवस्था, नीति, रणनीति एवं योजनाहरु :**

बाल विवाह उच्च रहेका मुलुकहरु मध्ये नेपाल अग्रपंक्तिमा रहेको छ। दक्षिण एशियामा नेपाल बंगलादेश र भारत पछि तेश्रो स्थानमा पर्दछ। बालकको तुलनामा संख्यात्मक रुपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनवाट देखिएको छ। यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवं सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरीबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरु प्रमुख रुपमा देखिएका छन्।

बाल विवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारवाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन्। विशेष गरी बालिका र महिलाको सन्दर्भमा बाल विवाहले एउटा मात्रै अधिकारको उल्लंघन गर्नु उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ। बाल विवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु देखिने, लैंगिक हिंसा,यौनजन्य हिंसा, बालश्रम, वेचबिखन जस्ता थप हिंसाहरुले वालिका र महिलाहरु थप प्रताडित हुन पुग्दछन। कालान्तरमा समाज विकास प्रकृयामा महिलाहरूको भुमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुंसस्कृत एवं समतामूलक समाज निर्माण गर्न बाल विवाह बाधक तत्व बन्न पुग्दछ।

सुर्नया गाउँपालिकामा बालविवाह गर्ने प्रचलन परिवर्तन हुदै आएको पाईन्छ। पालिकाले पनि महिला संग उपाध्यक्ष कार्यक्रम जस्ता प्रभावकारी कार्यक्रमहरु तय गरि कार्यान्वनमा ल्याएको छ भने बाल मैत्री स्थानीय शासन अवधारणा अबलम्बन गरिएको छ। पहिले सामाजिक परम्परा र रितिरिवाज अनुसार किशोरावस्थामै विवाह गर्ने चलन थियो तर अहिले अभिभावकहरुले उच्च शिक्षा अध्यायनका लागि बालबालिकाहरुमा लागानि गर्ने प्रचलनमा सुधार भएको छ। यद्यपी केही किशोर किशोरीहरुले आफै विवाह गर्ने गरेको पाईएको छ। नेपालको राष्ट्रिय बाल विवाह अन्त्य पाश्वचित्र २०२० का अनुसार नेपाल ५ लाख बालिका दुलहीहरुको घर हो त्यसमा पनि १ लाख ३० हजार १५ बर्ष मुनिका बालिकाहरु रहेका छन्। बैतडी जिल्लामा राष्ट्रिय जनगणना २०७८ का अनुसार बाल विवाह घटिरहेको अवस्थामा देखाएको छ भने पालिका सरोकारवालाहरुको पनि सोहि धारणा रहेको छ। दिगो विकास लक्ष्य हासिल, यौन तथा प्रजनन स्वास्थ अधिकार र समग्रमा मानव अधिकार को प्राप्तिमा बाल बिबाहले निकै ठुलो प्रभाव पारिरहेको छ। यसले समग्रमा व्यक्तिको व्यक्तित्व विकासकासंगै सामाजिक विकास, शिक्षा, स्वास्थ र समग्र विकासलाई पनि प्रभावित गरिरहेको छ।

विशेषगरी तराईका जिल्लाहरुमा तुलनात्मक रुपमा बालविवाह बढी हुने गरेको अध्ययनले देखाएको छ। विकट पहाडी जिल्ला अछाम, बैतडी, डोटी, बझाङ, दार्चुला आदिमा पनि बालविवाहको दर उच्च रहेको पाइन्छ। शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरुको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाइएको छ। राष्ट्रसंघीय जनसंख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने मध्ये ४३ प्रतिशत र शहरी क्षेत्रमा बस्ने मध्ये

अम्मर बहादुर कुंवर
गा.पा.अध्यक्ष

सुर्नेया गाउँपालिका कार्यालय
दोगडाकेदार, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

२७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै विवाह गर्छन । मधेशी समुदायका साथै सीमान्तकृत समूहहरु जस्तैः दलित, जनजाती र मुस्लिम समुदायमा अन्य समुदायको तुलनामा यो दर अझ उच्च रहेको पाइन्छ ।

बैतडी जिल्लाको बीच भागमा अवस्थित सुर्नया गाउँपालिका साविकका हटैराज, बसुलिंग, भौनेली रौलेश्वर, शंकरपुर र शिखरपुर गाविस मिलाएर बनेको छ। रहन सहन, लवाईखवाई देखि रितिरिवाज, परम्परा, भाषा सम्पुर्ण कुरा मिल्ने भएकाले यी छ गाविस समावेश गरी एक गाउँपालिकाको रुपमा मिति २०७३।११।२७ सिफारिस गरिएको थियो र जम्मा ८ वडा कायम गरी रौलेस्वोरलाई केन्द्र स्थापना गरि जनतालाई सेवा दिईरहेको यो स्थानीय तह १२४.५२ किमी क्षेत्रफलमा फैलिएको छ। राष्ट्रिय जनगणना २०७८ का अनुसार यहाँ ३७८३ घरधुरी बसोबास गर्छन भने कुल जनसंख्या १७९४५ रहेको छ, ५२.७२ प्रतिशत, महिला र ४७.२८ प्रतिशत-पुरुष र करिब ६१ प्रतिशत युवा (१५-४९ उमेर समुह) हरुको जनसंख्या रहेको छ। यो पालिका समुद्र सतहबाट ३००० मिटर माथी को उचाईमा फैलिएको छ।

कानुनी बन्देज तथा विभिन्न सचेतनामुलक कार्यक्रमका कारण पालिकामा बालविवाह, प्रचलन क्रमशः कम भएको कुरा आम समुदायमा सुन्न पाइन्छ, यद्यपी अहिले बालबालिकाहरुको विवाह गरिदिने भन्दा पनि उनीहरु आफै विवाह गर्ने प्रचलन बढ्दो छ। कतिपय अवस्थामा बालबालिकाका घटना उजागर हुदैनन् तर पनि संघ संस्था र समाचार माध्यमले यस्ता घटनाहरुलाई प्रकाशमा ल्याउने प्रयत्न गरेका छन्। यस सुर्नया गाउँपालिकामा बालविवाह हुने गरेको यथार्थता रहिरहेको छ। यस पालिकामा मागि विवाह वा जवरजस्ति गरिने विवाह विगत तीन चार बर्ष देखिनै न्यूनीकरण हुदै आएको छ। यस्तो रुपमा गरिने विवाह अहिले विरैले हुनेगर्दछन् र कहा हुन्छ भन्ने पनि जानकारीमा आउदैन् । बालविवाह सम्बन्धि भएका कानुनी सचेतना र सामाजिक परिचालनका अभ्यासले गर्दा मागि विवाह वा जबरजस्ती हुने विवाहमा कमि आएको हो। तर किशोर किशोरीले देखासिकि र यो उमेरमा हुने विपरित लिंगी आकर्षणका कारण विवाह गर्ने प्रचलन बढ्दो छ । त्यस्ता विवाह औपचारिक रुपमा सामाजिक संस्कार अनुरुप हुने गरेका छैनन् । जति विवाह हुन्छन् लुकिछिपि हुने र अन्त्यमा गर्भाधारण भईसकेपछि सार्वजनिक हुने गरेको अवस्था देखिन्छ । कतिपय हुन लागेका विवाह स्थानीय तहको प्रयासमा रोकिएका पनि छन् । कानुनी कार्वाहीको डरले तत्काल अलग अलग बस्ने सम्झौतामा सम्बन्ध विच्छेद भए पनि केहि समय पछि संगै बस्ने गरेका उदाहरणहरु प्रशस्त भेटाउन सकिन्छ । यसले गर्दा उमेर नपुगी हुने विवाहमा कमि आउनुको साटो सामाजिक तथा कानुनी रुपमा औपचारिक मान्यता दिनु अगावै संगै बस्ने, बच्चा जन्मिने तथा गर्भाधारण हुने गरेकाले कानुनको प्रभावकारी परिपालनामा चुनौति रहेको देखिन्छ ।

बालविवाहको अवस्था पत्ता लगाई प्रभावकारी रणनीति तयार पार्नको निमित्त यस रणनितिको मस्यौदा गर्दा समुदाय स्तरमा केही समुह लक्षित छलफल तथा जिम्मेवार व्यक्तिहरु संग अन्तवार्ता गरेको थियो । उक्त छलफल तथा अन्तवार्ताले समुदायस्तरमा बाल विवाह हुने गरेको तर विगत बर्ष भन्दा आधाले बाल विवाहमा कमि आएको बताउनु भयो । बाल विवाह परिवारका मान्छेहरुले गरिदिने स्थितिमा धेरै कमि आएको कुरा पाइयो, भने उमेर नपुगि गरिने विवाहमा २० बर्षे उमेरहद बढी भएको र हाम्रो सामाजिक र साँस्कृतिक प्रचलन अनुसार यो अवधिमा बढी विवाह हुने गरेकाले उमेर नपुगि गरिने विवाह तथ्यांकमा बढी देखिने गरेको कुरा समेत गर्नुभयो यद्यपी अहिले १८ बर्ष भन्दा मुनिको विवाहमा गाउँपालिका र स्थानिय संघ संस्थाहरुको प्रयासले निकै कमि आएको पाइयो। छलफलकै क्रममा केटाभन्दा केटीहरुले कम उमेरमा विवाह गर्ने गरेको कुरा पनि पाइयो भयो ।

किशोर किशोरीहरूमा लगानी गर्नाले, विशेष गरी किशोर किशोरीहरूलाई ज्ञान, सीपहरूद्वारा सशक्तिकरण गर्ने प्रक्रियालाई गति दिन्छ र उनीहरूको सपनाहरू पूरा गर्न र उनीहरूको सम्भावनालाई अधिकतम बनाउन मद्दत गरि आवश्यक सम्पत्तिहरूको रुपमा विकास गर्न सकिन्छ। बालविवाह अन्त्यका लागि ठोस कदम चालिएन र रणनीति अपनाइएन भने यी सपनाहरू अधुरै रहनेछन्। त्यसैले विश्वको बिकास तथा सम्बृद्धको लागी बालबिबाह को अन्त्य अपरिहार्य छ भन्ने कुरा सुर्नया गाउँपालिकाले राम्रो संग बुझेको छ र यो सवाल लाई रानीतिक रुपमा सम्बोधन गर्ने चाहन्छ।


सुर्नया गाउँपालिकामा पनि बालविवाहको समस्या विद्यमान छ, जसले किशोर-किशोरीहरूको शिक्षा, स्वास्थ्य र समग्र विकासमा नकारात्मक प्रभाव पारिरहेको छ। नेपाल सरकारले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्यसहित राष्ट्रिय रणनीति २०७२ जारी गरेको छ, जसले किशोर-किशोरीसँग सम्बन्धित सबै मुद्दा सम्बोधन गर्न र बालविवाह अन्त्यका लागि कानुन कार्यान्वयनमा जोड दिएको छ। सुर्नया गाउँपालिकाले पनि यस रणनीतिलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न प्रतिबद्धता जनाएको छ। बालविवाह न्यूनीकरणका लागि सुर्नया गाउँपालिकाले समुदायमा बालविवाहका हानिकारक प्रभावबारे जनचेतना फैलाउन विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने, किशोर-किशोरीहरूलाई विद्यालयमा टिकाइ राख्न गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने प्रयास, गरिबीका कारण बालविवाह हुने सम्भावना कम गर्न आयमूलक क्रियाकलापहरूमा समुदायलाई संलग्न गराउने र बालविवाहसम्बन्धी कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न स्थानीय निकाय र सरोकारवालाहरूको समन्वय र यसका अतिरिक्त, सुर्नया गाउँपालिकाले बालमैत्री स्थानीय शासन प्रणालीको विकासमा पनि ध्यान केन्द्रित हुने सोच गरेको छ, जसले बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धनमा सहयोग



अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

पुर्याउनेछ । समग्रमा, सुर्नया गाउँपालिकाले बालविवाह न्यूनीकरणका लागि नीति, रणनीति र योजनाहरू कार्यान्वयन गर्दै आएको छ, जसले समुदायमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।

तालिका १: बैतडी जिल्लाको बालविवाहको अवस्था




*श्रोत: राष्ट्रिय जनगणना २०७८*

बैतडी जिल्लामा राष्ट्रिय जनगणना २०७८ का अनुसार बाल विवाह घटिरहेको अवस्थामा देखाएको छ । NMICS २०१९ का अनुसार सुदुरपश्चिममा ४५% महिला १८ वर्ष नपुग्दै बिबाह हुन्छ भन्ने तथ्यांकले देखाउछ तर यस पालिकामा २०-२४ वर्ष उमेर समुहका २० वर्ष मुनि बिहे गरेका ६८ प्रतिशत १८ वर्ष मुनी बिहे गर्ने १८ प्रतिशत र १५ वर्ष मुनी विहे गर्ने २ प्रतिशत रहेको देखिन्छ । गाउँपालिका स्वास्थ शाखाको रेकर्ड हेर्दा प्रसव पूर्व स्थानीय स्वास्थ्य संस्थामा गत आ.व.मा ११४ जना ले भ्रमण गर्दा २६ जना (२२.२८%) २० वर्ष मुनि का महिला रहेको पाइयो । यसरी हेर्दा यस पालिका मा २२ % भन्दा बढी २० वर्ष मुनिको बिबाह हुने गरेको देखिन्छ । पालिकाको वडा न. ४,५ र ८ मा २० वर्ष मुनिको गर्भधारण बढी देखिएको छ । जन्मिने बच्चाहरुमा बालक हरुको संख्या बढी रहेको देखिन्छ । यस पालिकालाई बालविवाह मुक्त गाउँपालिका बनाउनको लागि यो रणनीति सहित कार्ययोजना तयार गरी लागु गरिएको छ ।

जीवनका विभिन्न पक्षहरूमा लैङ्गिक-आधारित भेदभावलाई सम्बोधन गर्नु लैङ्गिक समानता प्राप्त गर्नको लागि महत्वपूर्ण छ, जसले महत्त्वपूर्ण मानव विकास सूचकहरूलाई सुधार गर्न अनिवार्य रूपमा योगदान गर्नेछ र समाज को सर्बांगिण विकासमा मद्दत पुग्ने छ । बालविवाह विद्यमान रहनुमा धेरै कारणहरु छन् भने परिणामको रुपमा बालबालिकाको अधिकार हनन्, बालापन शोषण, सामाजिक आर्थिक परिस्थितिमा नकारात्मकता, गम्भीर स्वास्थ्य समस्या र देशका भावी कर्णधारहरुको उचित शिक्षा दीक्षा नहुनु रहेको छ । बालविवाहको अवस्था अध्ययनका लागि गरेको लक्षित समूह छलफल, सरोकारवालाहरुसँगको छलफल तथा अन्तरकृया, मुख्य व्यक्तिहरुसँग गरिएको अन्तर्वार्ता र स्रोत सामग्रीहरुको अध्ययनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा यस सुर्नया गाउँपालिकामा बालविवाह हुनुका मुख्य कारणहरु र तिनका प्रभावहरुलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

**बालविवाहका मुख्य कारणहरु :**

- पितृसत्तात्मक सोच भएको यहाको समाज छोरीलाई बोझको रुपमा लिने, लैंगिक विभेद, छिटो बिहे गरे धर्म हुने परम्परागत गलत मूल्य मान्यताहरु र पारिवारिक दबाव जस्ता सामाजिक, धार्मिक र संस्कृतिकको कारण बाल बिबाह भइरहेको छ ।
- धेरै परिवारहरू आर्थिक समस्याबाट गुज्रिरहेका छन्, स्थानीय रोजगारीका अवसरहरुको कमि छ, जसका कारण उनीहरूले आफ्नो छोरीलाई बाल्यावस्थामा विवाह गरेर परिवारको 'आर्थिक बोझ' कम गर्ने र छोराको बिबाह गरेर आर्थिक स्थिति सुध्रिने उपायको रूपमा लिने गरेका छन ।
- ग्रामिण क्षेत्रहरूमा गुणस्तरीय शिक्षा र जागरूकताको कमीले गर्दा बाल बिबाहको समस्या रहेको छ । जब बालिकाहरूलाई गुणस्तरीय शिक्षा र स्वास्थ्यका बारेमा चाँसो तथा जानकारी हुँदैन र उनीहरु बाल बिबाहको नकारात्मक प्रभावलाई बुझ्न सकिरहेका छैनन् ।
- बालिकाहरूका लागि शिक्षा, स्वास्थ्य, र निर्णयमा सहभागिता सुनिश्चित गर्ने अधिकारको कमीले गर्दा उनीहरूलाई बाल विवाहको सिकार भईरहेका छन् ।

सुर्नया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सैलेश्वर, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

अम्मर बहादुर कुँवर
गा.पा.अध्यक्ष



Scanned with OKEN Scanner

- किशोरकिशोरीमा अपरिपक्कता र बाल बिबाहले गर्दा पर्ने असरको बारेमा ज्ञानको अभाव, साथीहरुको लहैलहैमा लाग्नु र साथीहरुको दवावलाई नकार्न नसक्नु, विवाहलाई योजना भन्दा रमाइलो घटनाको रुपमा लिने साथै सामाजिक संजाल संचार साधनको प्रयोग मार्फत बाल विवाह हुनेगरेको छ।
- बालबालिका सम्बन्धी विद्यमान नीति, कानून र रणनीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्नु र बालविवाह दण्डनीय अपराध भएको बारेमा सचेतनाको कमी ।
- गरगहना लगाउन पाइने, प्रेमले भरिपूर्ण जीवन र विवाहपछि विद्यालय जान नपर्ने सोचाइका साथै २० वर्षभन्दा कम उमेरमा हुने विवाहवाट हुनसक्ने हानि र समस्याको वारेमा परिवार एवं बालबालिकाहरुमा जानकारीको कमी।
- अभिभावकबाट मागि बाल विवाह रोकिएता पनि भागि विवाहमा अभिभावकले नै स्वीकार गर्ने प्रवृत्तिले बाल विवाहलाई प्रसय मिलेको छ ।

**बालविवाहका मुख्य असरहरु :**

- **गम्भीर स्वास्थ्य समस्या निम्तिने :** उमेर नपुगी भएको विवाहले शारीरिक र मानसिक रुपमा तयार नभएको अवस्थामा गर्भवती भई स्वास्थ्यका लागि जोखिमपूर्ण हुन्छ। यसले जटिल गर्भधारण, प्रसव पीडा, आङ्खस्ने, गर्भपतन, फिस्तुला, मातृमृत्यु र शिशुमृत्युदरलाई बढाउनुक साथै जीवनभरि रोगि हुनुपर्ने अवस्था ल्याउछ। जन्मिने बच्चा शारीरिक, मानसिक रुपमा कम बिकसित भएको, कम तौल भएको जन्मिने हुनसक्छ भने बच्चाले पनि राम्रो स्याहार नपाउने र पारिवारिक माया ममताबाट बञ्चित भई उमेर नपुग्दै पारिवारिक जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ।
- **शिक्षामा बाधा :** बाल बिबाहका कारण बालबालिकाले प्रायः आफ्नो पढाइलाई जारी राख्न सक्दैनन्, जसले उनलाई शैक्षिक अवसरहरूको अभावमा राख्छ र यस्ता बालबालिकाहरूलाई भविष्यमा राम्रो पेसा प्राप्त गर्न कठिनाई हुन्छ र उनीहरूको जीवनस्तरमा ठुलो असर पर्छ।
- **आर्थिक असमानता:** कम उमेरमा बिबाह गर्दा परिवारमा गम्भीर आर्थिक असर पर्नसक्छ। शैक्षिक अवसरहरूको कमी र रोजगारमा पहुँच नहुनु आर्थिक सापेक्षतामा असमानता सिर्जना गर्छ र आर्थिक रूपमा निर्भर हुने अवस्था बढाउँछ र परिवारको समृद्धि रोकिन्छ।
- **मानसिक र भावनात्मक असर:** बाल बिबाहले बालबालिकामा मानसिक दबाव, तनाव र उदासी सिर्जना गर्न सक्छ। उनीहरूमा आत्मसम्मानको कमी, असुरक्षाको भावना, र डिप्रेसन हुन सक्छ। यस्तो अवस्था मानसिक, भावनात्मक र शारीरिक रुपमा दुर्व्यवहारका कारण पनि बढ्छ।
- **सामाजिक असमानता:** बाल बिबाहले समाजमा लिंग असमानता र पारम्परिक भेदभावलाई बल पुर्याउँछ र बालिकाहरुले प्रायः पुरुषप्रधान समाजमा उत्पीडन र हिंसा झेल्नुपर्ने भएकाले बालिका र महिलाको अधिकार र स्वतन्त्रता सिमित छ।
- **नयाँ पीढीमा असर:** बाल बिबाहका कारण बालबालिकाहरूको शिक्षा र स्वास्थ्यमा असर पर्छ जसले गर्दा नयाँ पीढी पनि कमजोर बनाउँछ र अर्को पुस्तामा निरन्तरता पाइरहन्छ, जसले समाजको विकासमा अड्चन पुर्याउँछ।

उल्लेखित अवस्थामा सुर्नया गाउँपालिकाले निकै सम्वेदनशील भएर बाल बिबाह एक सामाजिक समस्याको रुपमा लिएको छ। यस लाई जराइ देखि अन्त्य गर्नु पर्छ भनेर विभिन्न साझेदारहरु संग मिलेर विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ। पालिकाले आफै पनि विभिन्न कार्यक्रमहरु तय गरि काम गरि रहेको छ भने एनएफसीसी र युएनएफपीए लगाएतका संघसस्थाहरुको संलग्नतामा विभिन्न काम भईरहेको छ। पालिकाको सबै वडा मा रुपान्तरण कक्षाहरु संचालन गरिरहेको, बाल बिवाहको जोखिम असरको बारेमा सबै टोल बस्तिमा सचेतनामुलक कार्यक्रम संचालन भईरहेको, स्वास्थ संस्था तथा बिद्यालयमा किशोर किशोरी मैत्री कार्यक्रम कार्यान्वयनमा छ। गरिबी न्यूनीकरणका लागि बिपन्न परिवारलाई समेट्दै विभिन्न सीपमुलक कार्यक्रमहरु संचालन भइरहेको, छोरा छोरी लाई बिद्यालय निरन्तरताको लागि विभिन्न उत्प्रेरणामुलक कार्यक्रमहरु संचालनमा छन्। कानुन कार्यान्वयनको पक्ष प्रभावकारी बनाउनु पर्ने,बाल बिबाहका कार्यक्रमहरुको प्रभावकारिता सुनिश्चित गर्नु पर्ने आवश्यक देखिन्छ। साथै सरकारले दिने सेवा सुविधामा बिपन्न वर्गको संग्लनता र सहभागिता सुनिश्चित गरिनु पर्ने देखिन्छ र अनुगमन संयन्त्र प्रभाबकारी पार्नु पर्ने कुरा पनि उत्तिकै आवश्यक देखिन्छ। यी कार्यले हामीले पालिकालाई देशमै नमुना पालिका बनाउन सकिने अवसर पनि उत्तिकै छ भने सरकारको स्थानीय सेवा गुणस्तर विश्लेषणले श्रोत सिर्जना समेत हुने देखिन्छ। स्थानीय सरकारको चासो र प्राथमिकता मा यो बिषय परिरहे ठुलोखालको बिपत तथा राजनीतिक अस्थिरता भएन भने यो समस्या सुर्नायाले समधान गर्न सक्नेमा हामी विश्वस्त छौ। अहिले पालिका मा ६३ वटा महिला स्वास्थ्य स्वयंम सेवक स्वंसेबक र आमा समुहहरु क्रियासिल छन्। १६ वटा किशोर किशोरी समुहमा रुपन्तरण कक्षा संचालनमा रहेका छन्। ८ वटा स्वास्थ्य संस्था सेवा प्रवाह गरिरहेका छन् भने ३३ वटा बिद्यालयहरुले पनि यस अभियानलाई सघाउदै हुनुहुन्छ र बिद्यालयमा ८ बाल क्लव संचलनमा छन् जसले बाल बिबाह रोक्नको लागि प्रभाबकारी भूमिका निभाईरहेका छन् र भविष्यमा निगरानी समुहको रुममा काम गर्नेछन्। त्यसै गरेर ८ वटा बाल संजाल र महिला तथा किशोरी को संजालहरु पनि क्रियाशिल रहेका छन्

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष



Scanned with OKEN Scanner

। यस पालिकामा बालअधिकार समिति ८ वटै वडामा क्रियाशिल छन् जसले बाल विबाह अन्त्यको लागि निकै प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन । पालिका महिला बालबालिका तथा जेष्ठनागरिक शाखाले पालिकामा काम गर्ने सबै संस्थाहरुसंग समन्वयकारी भूमिका खेल्दै यो अभियानलाई सार्थक बनाउन काम गरि रहेको छ । आफ्ना वार्षिक कार्यकर्ममा पनि बाल विबाह अन्त्य लाई प्रथामिकता राखी काम गरिरहेको छ । गाउँपालिका न्यायिक समितिले पनि कानुनी सचेतनाको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने छन् । यस रणनीतिलाई सफलपार्न सबै पक्षको सहयोग तथा योगदान आवश्यक छ साथै यस रणनीतिले तलका बस्ति तथा टोल हरुलाई लक्षित गरि आफ्ना कार्यक्रम अगाडी बढाउने कुरामा जोड दिएको छ ।

| वडा | बस्ति तथा टोल |
|---|---|
| १ | सिमलगैर, रतनपुरमा १५-२० घरधुरी थालरा-१० घरधुरी देबल गडा साविक १,६,७,८, वडाहरु लक्षित |
| २ | कटमाली, भुलबस्ति, ग्वानी र परिगडा |
| ३ | बाँस टोल करिब १०० घरधुरी |
| ४ | धमकटी, मेलढुंगा, भुलउडा, जोगेनी र सुन्दरपुर करिब ६००-७०० घरधुरी |
| ५ | फोकस टोल नभएपनि बढी छोरी भएको घरहरु लक्षित कार्यक्रमहरु संचालन गर्ने |
| ६ | गैरिगाउँ |
| ७ | कोटाला पानी |
| ८ | ढोले, कटमाडा र सेला ड़ोला पुरै वार्ड नै लक्षित हुनुपर्ने |

**५. रणनीतिको औचित्य :**

बालविवाहले लैंगिक समानता मानव अधिकारको रक्षा र दिगो विकास प्रबर्धनको कार्यमा निकै चुनौती सिर्जना गरिरहेको छ । यस सवाललाई दिगो रुपमा सम्बोधन गर्न सुर्नया गाउँपालिकाले यो बालबिबाह अन्त्यको लागि स्थानीय रणनीति र कार्य योजना २०८१ निर्माण गर्न आवश्यक ठानी सर्ब पक्षीय सहभागिता र संलग्नतामा यो रणनीति तयार परिएको छ । बाल विवाह अन्त्य गर्नको लागि स्थानीय नीति निर्माणको औचित्य धेरै महत्त्वपूर्ण छ, किनकि यसले समाजमा गहिरो रूपमा रहेको समस्याको समाधान गर्ने प्रभावकारी उपाय प्रदान गर्दछ ।

| | |
|---|---|
| स्थानीय सांस्कृतिक सन्दर्भ र आवश्यकतामा आधारित नीति | बाल विवाहलाई अन्त्य गर्नका लागि स्थानीय स्तरमा रहेका विशिष्ट सांस्कृतिक र सामाजिक मुद्दाहरूलाई बुझ्न आवश्यक हुन्छ। स्थानिय नीति निर्माणले समुदायका वास्तविकता र परम्परालाई मध्यनजर गरी तिनको अनुकूल समाधान गर्न सक्छ । |
| समुदायको सहभागितामा आधारित | स्थानिय नीतिहरूले समुदायका मानिसहरूलाई प्रत्यक्ष रूपमा संलग्न गराउँछ, जसले गर्दा उनीहरूले समस्याको गम्भीरता बुझेर समाधानमा अग्रसर हुन्छन्। यो नीतिले जनताको सचेतना र शिक्षा बढाउने काम गर्छ । |
| स्थानीय सरकारको उत्तरदायित्व | स्थानिय निकायले बाल विवाहको प्रभावलाई प्रत्यक्ष रूपमा देख्न र अनुभव गर्न सक्छ। तसर्थ, स्थानिय नीति निर्माणले ती समस्याहरूको छिटो समाधान खोज्न, कार्यान्वयनमा प्रभावकारीता ल्याउन, र बाल विवाह रोक्नको लागि कानुनी, सामाजिक र आर्थिक संयन्त्रहरू तयार गर्न मद्दत पुर्याउँछ। |
| बालिकाको संरक्षण | बाल विवाहले बालिकाको शारीरिक, मानसिक, शैक्षिक र आर्थिक भविष्यमा नकारात्मक प्रभाव पार्छ। स्थानीय नीतिहरूले बालबालिकाको अधिकारको संरक्षण गर्दै उनीहरूलाई शारीरिक तथा मानसिक रूपमा सुरक्षित राख्न महत्वपूर्ण भूमिका खेल्न सक्छ। |
| राष्ट्रिय लक्ष्य, अन्तराष्ट्रिय प्रतिबद्दता पुरा गर्न र दिगो विकासको लागि योगदान | बाल विवाहको अन्त्यले शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता र गरिबी न्यूनीकरणका लागि सकारात्मक प्रभाव पार्छ। स्थानीय स्तरमा बाल विवाहविरुद्ध नीति निर्माण र कार्यान्वयनले दीर्घकालीन सामाजिक र आर्थिक विकासमा सहयोग पुर्याउँछ। अन्त्यमा, स्थानिय नीति निर्माणले समस्या समाधानलाई स्थानीय परिवेशसँग मिलाएर जनसहभागितामार्फत दिगो र प्रभावकारी बनाउँछ, जसले बाल विवाह अन्त्य गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयासलाई बल पुर्याउँछ। |

यस रणनीतिले सुर्नया गाउँपालिकाको निर्देशित दृष्टि र निर्देशन तथा सामाजिक कुरुती अन्त्य को लागि मार्गदर्शन प्रदान गर्दै सबै शाखा तथा विकास साझेदारहरु र सरोकारवालाहरुको सहयोगमा प्रभावकारी कार्यान्वयन गर्न मार्ग दर्शन गर्दछ । नेपालले बाल विवाहलाई दण्डनीय अपराध माने तापनि यो प्रचलनलाई अझै पूर्णरुपमा हटाउन सकेको छैन । नेपालको संविधानले महिला तथा बालबालिका सम्वन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यसका साथै संविधानतः



अम्मर बहादुर कुंवर
गा.पा.अध्यक्ष

Scanned with OKEN Scanner

बालवालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाईने र महिला विरुध्द धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चिता समेत गरेको हुँदा बालविबाह अन्त्यका लागि प्राथमिकताका साथ कार्यक्रम केन्द्रित गर्नु पर्ने भएको छ भने नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र क्षेत्रीय रुपमा गरेका प्रतिवध्दता पूरा गर्नका लागि पनि बाल विवाहको अन्त्य गर्नुपर्ने दायित्व रहेको छ।

बाल विवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुंदा सरकारका सम्बद्ध निकाय, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं वालवालिकाको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा सम्बन्धित निकायहरुवीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रित गर्नुपर्ने र प्रतिबध्दता सहितको कार्ययोजनाको आवश्यकताको आधारमा यो रणनीति तय गरियको छ साथै नेपाल सरकारले दिगो बिकास लक्ष्य अनुरुप सबै गाउँपालिकालाई २०८७ साल सम्ममा बालमैत्री स्थानीय तह बनाउने र बालविवाहलाई न्युनीकरण गर्ने योजना रहेको छ।

**६. रणनीतिका सिद्धान्तहरु :**

बाल विवाह अन्त्य गर्नका लागि विभिन्न सैद्धान्तिक आधारहरुमा आधारित रणनीतिहरू तयार गरिएका छन्। यी सिद्धान्तहरूले बाल विवाहको समस्याको समग्र कारणहरूलाई सम्बोधन गर्दै प्रभावकारी समाधानहरू प्रदान गर्छन्। यस रणनीतिमा बाल विवाह अन्त्य रणनीतिको मुख्य सिद्धान्तहरूको रुपमा निम्न कुराहरु समेटिएको छन्।

**क. कानूनी सुधार र प्रवर्तन :** बाल विवाहविरुद्ध बनेका कानूनहरूको कडाइका साथ लागू गर्ने र कानुनी झंजटमा ल्याउने विवाह दर्ता प्रक्रियालाई सरल, सजिलो र सर्वसुलभ बनाउने कुरा यस रणनीतिले प्रवर्धन गरेको छ।

**ख. शिक्षाको पहुँच:** बाल विवाहको अर्को एक मुख्य कारण अशिक्षा हो। बालिका तथा बालक दुवैलाई गुणस्तरीय र समान शिक्षा उपलब्ध गराएर, शिक्षाको महत्त्वका बारेमा जनचेतना जगाउनु आवश्यक छ। किशोरावस्थामा रहेका बालबालिकालाई विद्यालयमा राख्न विशेष कार्यक्रम सञ्चालन गर्नु प्रभावकारी हुन्छ, जस्तै: छात्रवृत्ति, निःशुल्क पाठ्यसामग्री, सिपमुलक तालिम र पोषण कार्यक्रम आदि।

**ग. आर्थिक सशक्तिकरण :** बाल विवाह गरिनुमा गरीबी र आर्थिक असुरक्षाको ठूलो भूमिका हुन्छ। बालिका र उनीहरूका परिवारलाई आर्थिक अवसरहरू प्रदान गर्नु, सीप विकास र रोजगारका कार्यक्रममार्फत उनीहरूको आत्मनिर्भरता बढाउनु रणनीतिक रूपमा आवश्यक छ। आय आर्जनका स्रोतहरू प्रदान गर्दै उनीहरूको पारिवारिक अवस्था सुधार्न सहयोग गर्ने कार्यक्रमहरूको विकास गर्नु आवश्यक छ।

**घ. सामाजिक मान्यता परिवर्तन :** बाल विवाह प्रथा सांस्कृतिक र धार्मिक मान्यतामा आधारित रहेको हुन सक्छ। यसकारण, समुदायस्तरमा जनचेतना फैलाउने कार्यक्रमहरू सञ्चालन गरेर, बाल विवाहको हानिकारक प्रभावबारे जानकारी दिने तथा वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्नु महत्त्वपूर्ण हुन्छ। समुदायका अगुवाहरू, धार्मिक नेताहरू, र स्थानीय संस्थाहरूलाई सँगै लिएर यो समस्या समाधान गर्न पहल गर्नुपर्छ।

**ङ. स्वास्थ्य सेवा र लैङ्गिक समानता:** बाल विवाहले किशोरीहरूको स्वास्थ्यमा प्रतिकूल असर पार्छ। त्यसैले, किशोर किशोरीहरूका लागि जनस्वास्थ्य सेवा, लैङ्गिक समानताका अभियान, र प्रजनन स्वास्थ्य शिक्षा प्रदान गर्नु आवश्यक छ। किशोरावस्थामा हुने गर्भधारणको जोखिम, स्वास्थ्य समस्या, र जीवनस्तरमा पर्ने प्रभावबारे सचेतना फैलाउन पहल गर्नु महत्त्वपूर्ण हुन्छ।

**च. समुदायस्तरमा सहयोगी संरचना :** बाल विवाह रोक्न स्थानीय सरकारी निकाय, गैरसरकारी संघसंस्थाहरु, र अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय गरी समुदायस्तरमा सहकार्य र संरक्षण सञ्जाल निर्माण गर्नुपर्छ। महिला समूहहरू, किशोरी समूहहरू, र अन्य नागरिक समाजका समूहहरूलाई सशक्त बनाएर उनीहरूलाई बाल विवाहविरुद्धको अभियानमा सक्रिय संहभागी गराउनु पर्दछ।

**छ. आधारभूत संरचनामा सुधार :** ग्रामीण क्षेत्रमा आधारभूत सेवाहरूको अभावले गर्दा बाल विवाहको सम्भावना बढी हुन्छ। त्यस्ता क्षेत्रहरूमा शिक्षा, स्वास्थ्य, र सरसफाइको सुविधाको सुधारले बाल विवाहलाई घटाउन मद्दत पुर्‍याउन सक्छ। यी सिद्धान्तहरूलाई व्यवहारमा कार्यान्वयन गर्न, समग्र रणनीति बनाउनु र विभिन्न निकाय तथा पक्षहरूसँग सहकार्य गर्नु आवश्यक हुन्छ। बाल विवाहको अन्त्यका लागि सरकारी, गैरसरकारी, र स्थानीय स्तरमा निरन्तर काम गर्नुपर्दछ।

**७.रणनीति तर्जुमा प्रक्रिया**

नेपाल सरकारको बालविवाह अन्त्यका लागि निर्माण गरेको राष्ट्रिय रणनिति अनुसार यस गाउँपालिकाले बाल विवाह अन्त्यगर्नकालागि स्थानीय रणनीति २०८१ तयार गरेको छ। जसका लागि स्थानीयतहमा सरोकारवाला निकायहरुको सहभागितामा विभिन्न ४ चरणमा छलफल गरि तयार पारिएको मस्यौदालाई पृष्ठपोषण संकलन गरि अन्तिम रुप दिइएको छ

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष



Scanned with OKEN Scanner

। स्थानीय तहमा बालविवाह न्यूनिकरण गर्न हालसम्म भएका विभिन्न प्रयास र उपलब्धिहरुको खोज तथा अनुसन्धान गरि तथ्यपरक रुपमा यस रणनीति तर्जुमा गरिएको छ । रणनीति तयार गर्दा गाउँकार्यपालिका र वडासमिति तथा गाउँपालिका स्थित विषयगत शाखाहरु र स्थानिय बालअधिकार समितिले बालविवाह न्युनिकरणकालागि विगतमा गरेका अभ्यास र समुदायका विभिन्न तहका समाजसेवी, स्थानीय बुद्धिजीवि, राजनितिज्ञ सहित जनप्रतिनिधिको सुझावलाई आत्मसाथ गरि यो रणनीति तयार पारिएको छ । यसका साथै केही मुख्य सुचनादाता संगको अन्तवार्ता र लक्षित समुह छलफलबाट आएका सल्लाह तथा सुझावहरुलाई समेत यस रणनीतिमा समेटिएको छ । यो रणनीति तयार पार्न तपशिलको प्रक्रिया अपनाइएको थियो ।

- गाउँपालिकास्तरका सरोकारवालाहरु सरलिकृत गरि रणनीति मस्यौदाको लागि स्वतन्त्र परामर्शदाता छनौट तथा परिचालन
- सरोकारवाला निकायहरु (कार्यपालिकाका सदस्य, वडा अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्थाका प्रमुख, बाल समूह, स्थानीय प्रहरी निकाय, एनफसीसी र युनएफपिए लगायतका प्रतिनिधिहरुको सक्रिय सहभागितामा प्रारम्भिक कार्यशाला गोष्ठी, अन्तरक्रिया तथा छलफल भाग लिने ।
- बाल समुह, बाल अधिकार समिति र लक्षित समूहसँग छलफल र अन्तक्रिया संचालन ।
- प्रारम्भिक गोष्ठीमा गाउँपालिका क्षेत्रमा बालविवाह हुनुका मुख्य कारण, न्यूनीकरणका उपायहरुको आवश्यक कार्ययोजनाको बारेमा छलफल ।
- बालविवाह रणनीतिका उद्देश्यहरुको पहिचान गरी स्रोत र कार्ययोजना तयार साथै सरोकारवाला निकायको भूमिका र जिम्मेवारी बाडँफाँड ।
- गाउँपालिका क्षेत्रभित्रका सबै सरोकारवालासँग समन्वय र सहकार्य गरी बालविवाह न्यूनीकरण रणनीति प्रारम्भिक मस्यौदा लेखन र गाउँपालिका स्तरका सरोकारवालाहरु विज्ञ मस्यौदा पेश र छलफल । नीतिगत कानूनी तथा अन्य सल्लाह सुझाव संकलन ।
- गाउँपालिका स्तरको रणनीति मस्यौदा कार्यपालिकामा पेस तथा छलफल गरी बालविवाह न्यूनीकरण रणनीति २०८१ पारित गरि लागु ।

नेपालले बाल अधिकार तथा बाल संरक्षणका लागि अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता तथा संवैधानिक र कानुनी व्यवस्थाहरु, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले राखेको लक्ष्य हासिल गर्न र सुर्नया गाउँपालिकाले गरेको प्रतिवद्धतालाई मध्यनजर गर्दै गाउँपालिकालाई बालविवाह मुक्त बनाउनका लागि बालविवाहको अन्त्य गर्ने प्रतिवद्धताका साथ यो रणनीति तयार गरी मिति २०८१/०८/३० लागू गरिएको छ ।

**८.रणनीतिको दुरदृष्टि :** यस रणनीतिले बालमैत्री तथा लैंगिक समतामुलक समाज समाज निर्माणको परिकल्पना गर्दै सुर्नया गाउँपालिका सरोकारवालाहरुले **"सबल सक्षम बालबालिका बाल बिवाह मुक्त सुर्नया पालिका"** भन्ने आदर्श वाक्य समेत तय गरेका छन् ।

**९. रणनीतिको ध्येय :** लैगिंक समानतामुलक समाजको स्थापनाकालागि बालबालिकाहरुको सशक्तिकरण मार्फत वाल अधिकारको सुनिश्चितता गर्ने ।

**१०.रणनीतिको लक्ष्य : सुर्नया** गाउँपालिकालाई वि.स. २०८६ साल सम्ममा बाल विवाह मुक्त गाउँपालिका घोषणा गर्ने ।

**११. रणनीतिका उद्देश्यहरु :**

**उद्देश्य १.** बाल विवाह अन्त्यकालागि स्थानिय रणनीति तथा कार्यक्रमहरु तय गरि प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**उद्देश्य २.** बाल विवाह अन्त्यका लागि संस्थागत संरचना सुदृढिकरणका माध्यमबाट सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

**उद्देश्य ३.** बाल विवाहको जोखिममा रहेका समुदाय लक्षित कार्यक्रमहरु तय गर्ने।

**उद्देश्य ४.** बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुमा बहुपक्षिय संलग्नता सुनिश्चित गरि प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने ।

**उद्देश्य ५.** बाल विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्ने ।

**१२. रणनीति तथा कार्यनीति :** बालविवाह कमि ल्याउँदै यसको अन्त्यका लागि देहायबमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

**क) बालिका र किशोरीको सशक्तीकरण :**

- विधालय तथा समुदायस्तरमा बालबालिका सशक्तिकरणका लागि रुपान्तरण कक्षाहरु नियमितरुपमा संचालनमा ल्याउने ।



सुर्नया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

अम्मर बहादुर कुवँर

- बाल विवाह विरुद्ध सामुहिक पहलका लागि किशोरीसमूह (गठन, पुर्नगठन र परिचालन)निर्माण गर्न वा विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने।
- समुदायमा साथी शिक्षा, प्रेरक जीवन कथा भन्ने, अतिरिक्त क्रियाकलाप र बालक्लब तथा सञ्चार माध्यम मार्फत यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानुनी सहयोगमा पहुच बढाउने।
- बालबालिकाहरुको लागि बृहत यौन शिक्षा, जीवन उपयोगी सीप र वित्तिय साक्षरता तालिम तथा गतिविधिहरुमा संलग्नता बढाउने।
- विद्यालयमा अतिरिक्त क्रियाकलाप, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानुनी उमेर, बाल विवाहको नकारात्मक असरहरूबारे आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता र सीपको बिकास गर्ने।
- गाउँपालिकामा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्र बीच समन्वय गरी विवाहित र अविवाहित बालबालिकाहरू विशेष गरी विद्यालय बाहिर रहेका बालिका र तिनका परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी पहुँच सुनिश्चित गर्ने।
- महिला रोजगारीका लागि क्षमता विकास कार्यक्रमहरु संचालनमा ल्याउने। जस्तै: लोक सेवा तयारी कक्षा, किशोरी संग उपाध्यक्ष उधमि कार्यक्रम, महिला रोजगार सुचना केन्द्र, छोटो अवधिका रोजगार मुलक तालिमहरु, व्यवसायीक र सीपमुलक तालिमहरुमा पहुँच वृद्धि गर्ने।
- किशोरीहरुका लागि भविष्य छनौट कार्यक्रम संचालन गर्ने। जस्तै सुदुरपश्चिम प्रदेश सरकारको सानै छु म बढ्न देउ, बाल विवाह होईन पढ्न देउ, कार्यक्रम विस्तारका लागि अनुरोध गर्ने।
- अप्ठेरोमा परेका महिला तथा बालिकाहरुका लागि अल्पकालिन सुरक्षित आवास कार्यक्रम प्रभावकारी रुपमा संचालनमा ल्याउने।
- बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरुद्ध जनचेतनामूलक अभियान संचालन गर्ने।

**ख) बालिका र किशोरीहरुको लागि गुणस्तरिय शिक्षा सुनिश्चित गर्ने:**

- बालबालिकाहरुका लागि निरन्तर सिकाई वृद्धिका गतिवधिहरु संचालन गर्ने जस्तै विधालय स्तरमा उपचारात्मक कक्षाहरु, अतिरिक्त कक्षा, पढ्दै कमाउदै कार्यक्रम जस्ता कार्यक्रमहरु संचालनमा ल्याउने।
- बालबिबाहको जोखिममा रहेका परिवार तथा समुदायका बालबालिकाहरुका लागि बिभिन्न सुविधाहरूमा (माध्यमिक तह र उच्च शिक्षाको छात्रवृत्ति, निःशुल्क पुस्तक, पोशाक तथा अन्य सुविधा) पहुँच वृद्धि गर्दै विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहन गर्ने।
- विद्यालयस्तरको अतिरिक्त क्रियाकलापहरुमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने।
- विद्यालयमा बालिकामैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता बिकाश गर्ने।
- विद्यालयमा शिक्षिकाहरूको संख्या बढाउने तथा विद्यालयको व्यवस्थापन र व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।
- छात्रा र शिक्षिका दुवैका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गर्ने।
- बाल विवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने।
- विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने।
- विद्यालय शिक्षामा लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत यौनिकता शिक्षा र बालअधिकारका विषयहरू समावेश भएको सुनिश्चित गर्ने।
- विद्यालयलाई लैङ्गिकमैत्री बनाउन विद्यालय शिक्षासँग सम्बन्धित निकाय र व्यक्तिको क्षमता अभिबृद्धि गरी परिचालन गर्ने।
- बालबालिकालाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सूचना तथा सेवाबारे सुसूचित गर्न स्थानीय स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने।

अमर बहादुर कुँवर
गा.पा.अध्यक्ष



Scanned with OKEN Scanner

- बिद्यालयमा गुनासो पेटिकाको व्यवस्था गर्ने लैगिक समन्वय तथा सम्पर्क व्यक्ति तोक्ने, विद्यालय कार्यक्रम विस्तार गर्ने र बालबालिकाहरुका गुनासोहरुको सुनुवाई गर्ने प्रणाली प्रभावकारी बनाउने ।
- विधालयमा बाल मैत्री शिक्षण सिकाई वातावरण निर्माणका लागि कार्य गर्ने, स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री स्वास्थ्य सेवा र परामर्श सेवा विस्तार गर्ने ।
- शिक्षण सिकाइमा प्रविधिको प्रयोग र सामाजिक संजालको सदुपयोगबारे सचेतना कार्यक्रम संचालन गर्ने ।
- शैक्षिक सुधारका लागि संयुक्त अनुगमन अभ्यासहरुको थालनी गर्ने ।

**ग) बालक, किशोर तथा पुरुषहरूको सहभागिता :**

- बाल तथा युवा कल्ब बाल बिबाह अन्त्यकालागि परिचालन गर्ने ।
- सकारात्मक अभिभावकत्व सेशनहरु जोखिमपूर्ण समुदायस्तर सम्ममा विस्तार गर्ने ।
- बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरुहरू, ज्योतिष, धामीझाँक्री लगायत सामाजिक अगुवाहरूको सकृय सहभागिता सुनिश्चित गर्ने ।
- समुदाय प्रहरी साझेदारी कार्यक्रम जोखिमपूर्ण समुदायस्तर सम्ममा विस्तार गर्ने ।
- बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बाल विवाहका विपयमा सचेतना अभिबृद्धि गरी बाल विवाह , लैङ्गिक बिभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुषहरुको सहभागिता सुनिश्चितता गर्ने ।
- आम सञ्चार क्षेत्रको अर्थपूर्ण सहभागिता मार्फत बाल विवाह विरुद्धमा विद्यमान कानूनी पक्ष र बाल विवाहको सामाजिक, आर्थिक तथा स्वास्थ्य सम्बन्धी नकारात्मक असरहरूको बारे जनमत सृजना गर्ने ।
- बालबालिकाहरूलाई शिक्षा, आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने ।
- बाल विवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बाल विवाह मा सहभागी हुने, छाउपडी प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहन गर्ने सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने ।
- बाल विवाहबाट सृजित लैङ्गिक हिंसाको विरुद्धमा पुरुष तथा बालकहरूमा कानुनी सचेतना अभिबृद्धि गर्ने ।

**घ) परिवार र समुदायको परिचालन गर्ने:**

- समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बाल विवाह बिरुद्धको अभियान संचालन गर्ने ।
- सकारात्मक अभिभावकत्व सम्बन्धी ज्ञानसीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमवाट बाल विवाह निषेध गर्न प्रोत्साहन गर्ने ।
- सामाजिक संजालहरुमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाक्रीको सहभागिता सुनिश्चित गरी बाल विवाहका विरुद्धमा परिचालन गर्ने ।
- छोरा र छोरी बीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरुत्साहन गरी बाल विवाह विरुद्धका विषय स्थानीय विकास तथा सामाजिक मूल्यको बिषयको रुपमा स्वीकार गरी "बाल विवाह मुक्त वडा तथा स्थानीय तह" को अभियान संचालन गर्ने ।
- गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रर्वद्धन र क्षमतामा अभिवृद्धि गर्ने ।
- बाल विवाह नगर्ने अनुकरणीय व्यक्ति, परिवार, र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने ।
- बाल विवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न संचार माध्यम र संजाल मार्फत प्रसारण गरी बाल विवाह अन्त्यको अभियानलाई सशक्त बनाउने ।

**ङ) सेवा प्रवाहः**

- पालिकामा रहेको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखालाई बजेट तथा कार्यक्रम सहित प्रभावकारी र पुर्ण रुपमा संचालनमा ल्याउने ।
- बाल विवाह को जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा बिपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आय आर्जनका अवसरहरू सुनिश्चित गर्ने ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

सुर्नया गाउँपालिका कार्यालय, बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with OKEN Scanner

- किशोरकिशोरीमैत्री यौन तथा प्रजननस्वास्थ्य सम्बन्धी जानकारी तथा सेवा, गर्भनिरोधक साधन, गर्भवती, प्रशव तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतने, यौनजन्य रोग, एचआईभी लगायत विभिन्न रोग रोकथाम तथा उपचार सम्बन्धी सेवामा विवाहित तथा बाल विवाह को जोखिममा रहेका अविवाहित बालबालिकाको पहुँच सुनिश्चित गर्ने।
- बाल विवाह, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानुनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने।
- सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण प्रणालीको विकास गर्ने।
- पारीवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयाषन गर्ने वातावरण तयार गर्न बालिकालाई जीवनोपयोगी सीप, आय आर्जन सम्बन्धी ज्ञानसीप र निशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने।
- बाल बिवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने सम्पर्क बिन्दुका रुपमा रहेका लैङ्गिक हिंसा निगरानी समूह, वडापालिकाको कार्यालय, बालक्लब, युवा सञ्जाल जस्ता बालअधिकार संरक्षणका लागि क्रियाशील संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने।
- स्थानीयस्तरमा कार्यरत सरकारी तथा गैर सरकारी निकायहरूका कार्यक्रमहरूमा बाल विवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने।
- स्थानीय निकायमा बाल विवाह सम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने।
- पञ्जीकरणको महत्वका बारेमा परिवार र समुदायमा सचेतना अभिबृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघसंस्था तथा समूहहरूको क्षमता अभिबृद्धि गरी परिचालन गर्ने।
- विवाह भैसकेका बालिका, बालविधुवाका आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागु गर्ने र प्रभावकारी कार्यक्रमहरूका तथ्यगत प्रमाणहरू संकलन गरी सफल अभ्यासहरूको प्रर्वद्धन तथा विस्तार गर्ने।
- वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार कानुनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने।

**च) कानुन र नीतिको सुदृढीकरण र कार्यान्वयन:**

- विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सुझावहरुको आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।
- बालिका र महिलाको सशक्तिकरणको लागि महिला हिंसा विरुद्धका स्थानिय स्तरमा निति तथा कार्यबिधि तयार गरि कार्यन्वयन गर्ने।
- गाउँपालिकामा गठित न्यायिक समितिका, पदाधिकारीहरूलाई बाल विवाह विरुद्धका न्यायिक कारवाहीलाई प्राथमिकतामा राख्न प्रोत्साहन गर्ने।
- विवाहको कानूनी उमेर, सोको उल्लंघन गरेमा हुने सजांय तथा बाल विवाह विरुद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचार प्रसार गर्ने।
- कानूनी उपचार लिन चाहने बालबालिकाहरुले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरु पहिचान गरी सो निर्मूलन गर्न आवश्यक पहल गर्ने।
- बाल विवाह भएको अवस्थामा विवाह खारेज गर्न चाहनेहरूको लागि आवश्यक कानुनी हक र उपचारमा पहुँचका साथै क्षतिपूर्तिको सुनिश्चित गर्ने।
- बाल विवाह भएको परिवारलाई सामाजिक सेवा सुबिधा बाट बन्चित गराउने वा वडा गाउँपालिकाबाट दिने सेवा, सुविधा, सिफारिसमा रोक लगाइने छ।
- छोराछोरीले बाल विवाह गरेमा निजका अभिभावकलाई राजनीति र अन्य सामाजिक समितिमा अयोग्य मानिने छ।
- आमा समुहको वैठकमा बाल विवाह विरुद्धको अभियानमा सक्रियता वृद्धि गर्न अन्तरक्रिया र रणनीतिको सम्बन्धमा समिक्षा गरिने छ।
- बालविवाह गर्दिन भनेर बालबालिकाको व्यक्तिगत तथा सामूहिक प्रतिबद्धता लिने कार्यमा स्थानीय बालक्लवहरुको परिचालन गरिनेछ।
- हरेक बालबालिकालाई जीवनको लक्ष्य निर्धारण गरी गुणस्तरिय शिक्षाको लागि प्रोत्साहन गरिनेछ।

सुर्नया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, ... सुदूरपश्चिम प्रदेश, नेपाल

अम्मर बहादुर कुँवर
गा.पा.अध्यक्ष



Scanned with OKEN Scanner

- बाल विवाहमा सहभागि नहुने नीतिलाई कडाइका साथ लागु गरिनेछ ।
- बाल विवाह अन्त्य सम्बन्धी रणनीति प्रत्येक परिवारलाई घरमा गई पढीवाची सुनाएर हस्ताक्षर सहितको प्रतिवद्धता गरिनेछ ।
- बालहित कोष स्थापना गरि जोखिममा रहेका तथा विपन्न परिवारका बालबालिकाहरुलाई आवश्यक सहयोग प्रदान गर्ने ।

**१३. रणनीतिका अपेक्षित उपलब्धिहरु**

- बालविवाह अन्त्यका लागि आवश्यक निति, रणनिति र निर्देशिकाहरु निर्माण भई विस्तृत कार्य योजना सहित गाउँपालिका कार्यान्वयनमा केन्द्रित भएको हुनेछन् ।
- बालबालिकाहरुको आधारभुत आवश्यकताहरु (शिक्षा स्वास्थ्य) को गुणस्तरहरुमा सुधार हुनुका साथै पहुँच वृद्धि भई बालविवाह बार्षिक रुपमा १० प्रतिशतले क्रमि भई यो रणनितिक योजना अवधिमा बाल विवाह अन्त्य भएको हुनेछ ।
- घरपरिवार, विद्यालय, समुदायमा बालबालिकाको अधिकार तथा सो सम्बन्धमा वहन गरिनुपर्ने उत्तरदायित्वबारे सचेतनाको स्तरमा अभिवृद्धि भई बालबालिकाहरुलाई गरिने व्यवहारमा सुधार भएको हुनेछ ।
- बालबालिकासँग प्रत्यक्ष सम्बन्धित सरकारी निकायहरू र गैरसरकारी संघसंस्था बीच समन्वय, सहकार्य बढाई बालबालिकाका अधिकारको प्रत्याभूति तथा सेवाको प्रभावकारितामा अभिवृद्धि भएको हुनेछ ।
- विवाहहरु गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले नजिकको बाल समुह वा बाल अधिकार समितिबाट स्वीकृति वा सिफारिस लिएर मात्र विवाह गर्ने परिपाटी कायम भएको हुनेछ ।
- सम्पूर्ण विद्यालयहरुमा किशोरी समूह र बाल क्लब तथा संजाल गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक क्रियाकलापहरु संचालनमा क्रियाशिल रहेका हुनेछन् ।
- समुदायमा बालविवाह निगरानी समूहहरुको गठन भई बालविवाह न्यूनिकरणका लागि क्रियाशिल भएको हुनेछन् ।
- स्थानीय स्तरमा गठित टोल स्तरिय, वडा स्तरिय र विद्यालय स्तरिय बाल क्लब, संजाललाई परिचालन गरिएको हुनेछ ।

**१४. अनुगमन र मूल्यांकन :**

यस रणनीति र कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि पालिकाले देहाए बमोजिमको व्यवस्था गरिने छ ।

- पालिकाबाट स्वीकृत अनुगमन निर्देशिका बमोजिम बाल विबाह अन्त्यको लागि संचालित सम्पूर्ण कार्यक्रमको अनुगमन गर्ने ।
- नतिजामा आधारित व्यबस्थापन प्रणाली लाई आधार बनाई अनुगमन ढाचा निर्माण गरि आवश्यक जनशक्ति सहित अनुगमनको सुनिश्चिता गर्ने ।
- बाल विवाह र लैगिक हिंसा नियन्त्रण सम्बन्धि खण्डीकृत तथ्यांक संकलन गर्नको लागि पालिका शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखाको अगुवाइमा लैंगिक उत्तरदायी अनुगमन मुल्यांकन संयन्त्रको स्थापना गर्ने ।
- रणनीति तथा कार्ययोजना कार्यान्वियन गर्ने सहयोगी भूमिकामा रहेका निकाय तथा संस्थाहरुलाई अभिमुखीकरण गरि एउटा खाकामा प्रतिबेदन तयारपारि पेश गर्ने परिपाटी बसाल्ने ।
- बाल बिबाह पिडित प्रभावित प्रति हुनुपर्ने सामाजिक तथा पारिवारिक संरक्षण र सहायताबारे वडा कार्यालयको समन्वय र जवाफदेहितामा सामुदायिक अनुगमन तथा मुल्यांकन प्रणाली स्थापित गर्ने निर्देशिका बनाउने र सरोकारवाला लाई सुसुचित गर्ने ।
- रणनीति तथा कार्ययोजनाको कार्यान्वियन तथा प्रभावकारिताबारे स्वतन्त्र रुपमा अनुगमन गरि कार्ययोजना अध्यबधि गर्ने र प्राप्त सुझाबको आधारमा रणनीतिमा सुधार गर्ने ।
- बार्षिक रुपमा बाल बिबाह अन्त्यको लागि पालिकामा भएका प्रयासहरुको प्रतिबेदन तयार परि प्रकाशित गर्ने ।
- नियमित अनुगमन को लागि संरचना निर्माण गरि कार्यान्वयन गर्ने ।

**१५. संस्थागत संरचना**

बाल बिवाहको अन्त्य गर्ने यो रणनितिलाई कार्यान्वयनमा यस गाउँपालिकाले नेतृत्वदायी भूमिका निर्वाहगर्नेछ र रणनीति कार्यान्वयनको लागि गाउँपालिका स्तरमा कार्ययोजना तयार गरिनेछ । रणनीति तथा कार्ययोजनाको कार्यान्वयन, सरोकारवाला सरकारी,स्थानीयस्तरका विकासका साझेदार, गैरसरकारी संस्था, नागरिक समाजसंगको समन्वय एवं अनुगमन तथा मूल्यांकनको लागि देहायअनुसारको गाउँपालिका तथा वडा स्तरमा कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ । भने रणनितिको बार्षिक रुपमा समिक्षा गर्ने र अध्यावधि गराउँदै लगिने छ ।

| क. गाउँपालिका स्तरमा | ख. वडा स्तरमा |
|---|---|

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

सुर्नया गाउँपालिका कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with OKEN Scanner

| | |
|---|---|
| १. गाउँ पालिकाको उपाध्यक्ष-संयोजक<br>२. प्रमुख प्रशासकीय अधिकृत-सदस्य<br>३. प्रतिनिधि, शिक्षा शाखा -सदस्य<br>४. प्रतिनिधि, स्वास्थ्य शाखा -सदस्य<br>५. प्रतिनिधि, स्थानीय प्रहरी (चौकी,कार्यालय)-सदस्य<br>६. अध्यक्ष, गाउँपालिका स्तरीय बाल संजाल-सदस्य<br>७. बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय, संघ, संस्था र संजालका प्रतिनिधि- सदस्य<br>८. प्रतिनिधी, गाउँपालिका स्तरीय वडा बालअधिकार समिति-सदस्य<br>९. महिला, जेष्ठनागरिक तथा बालबालिका शाखा-सदस्य–सचिव | १. वडा अध्यक्ष-संयोजक<br>२. शिक्षक प्रतिनिधि- सदस्य<br>३. वडामा रहेको स्वास्थ्य संस्थाको प्रतिनिधी-सदस्य<br>४. स्वास्थ्य स्वयंसेविका-सदस्य<br>५.प्रतिनिधि महिला सदस्य (वडापालिका)-सदस्य<br>६. बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय, संघ, संस्था र संजालका प्रतिनिधि- सदस्य<br>७. प्रतिनिधी, वडास्तरीय बालअधिकार समिति- सदस्य<br>८. वडा बाल संजालका प्रतिनिधि २ जना (बालक बालिका)-सदस्य<br>९. वडा सचिव- सदस्य–सचिव |

**ग. गाउँपालिका तथा वडास्तरको कार्यान्वयन, समन्वय र अनुगमन तथा मुल्यांकन समितिको काम कर्तव्य र अधिकार :**

| पालिकस्तरको अनुगमन समिति | वडा स्तरको अनुगमन समिति |
|---|---|
| १, रणनीति तथा कार्ययोजनामा रहेका बाल विबाह विरुद्धका कार्यक्रमहरुलाई सम्बन्धित निकायको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी सम्बन्धित निकायमा पेश गर्ने र कार्यान्वयन गर्ने ।<br>२. बाल विवाह विरुद्धका कार्यक्रमलाई संचालन गरी यस विरुद्धमा जागरण ल्याउन आवश्यक काम गर्ने ।<br>३. बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण सहित सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने ।<br>३, बाल बिबाह अन्त्यक सुचकहरुको आधारमा बस्ति, टोल, वडा र पालिकालाई बालबिबाह मुक्त क्षेत्र घोषणाका लागि सिफारिस गर्ने । | १, रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यन्वायनका लागी सहयोग गर्ने ।<br>२. रणनीति तथा कार्ययोजनामा रहेको वडा तथाको प्रभावकारी कार्यन्वयनका लागी सहयोग गर्ने ।<br>३, सुचकको आधारमा बस्ति तथा टोल बालविवाह मुक्त घोषणा गर्ने ।<br>४. बाल क्लब, युवा क्लब, किशोरी संजाल र महिला समूह तथा अन्य सरोकारवाला हरुको सहभगिता मा निगरानी समुह निर्माण तथा परिचालन गर्ने । |

**घ. समितिको बैठक :**

१. कम्तिमा २ महिनामा एक पटक बस्ने छ ।
२. समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रितको रुपमा बोलाउन सकिनेछ ।
३. बाल विवाह मुक्त बस्ति,टोल वडा र पालिका घोषणा को लागि अनुगमन गर्ने घोषणा गर्ने गराउने ।

**ङ. बालविवाह मुक्त क्षेत्र घोषणा प्रक्रियाका तहगत खुड्किलाहरु :**

१. बालविवाह अन्त्यका लागि बनेको स्थानीय रणनीतिको अवधारणा, उद्देश्य, लक्ष्य, कार्यान्वयनमा विभिन्न पक्षहरुको भूमिका तथा सहयोग सम्बन्धी अभिमुखिकरण तथा छलफल ।
२. सरोकारवाला पक्षहरुबाट बालविवाह अन्त्यका लागि एकजुट भएर लाग्ने प्रतिबद्धता घोषणा ।
३. स्थानीयस्तरमा बालसंरक्षण तथा बालविवाह न्युनिकरणका लागि संयन्त्रहरु विस्तार, सवलीकरण र परिचालन ।
४. बालविवाह न्युनिकरणका लागि आवधिक तथा वार्षिक योजना कार्ययोजना तर्जुमा तथा कार्यान्वयन ।
५. बाल समुह, किशोरी समुह र बाल अधिकार समितिहरुको अगुवाईमा बालविवाह विरुद्धका व्यापक अभियानहरु संचालन ।
६. बालविवाह अन्त्यका लागि ऐक्यवद्धता, व्यवहारिक सचेतना र सहयोगका लागि हस्ताक्षर संकलन अभियान संचालन ।
७. अनुगमन, समीक्षा, मुल्याङ्कन र बालविवाह सम्बन्धी स्थिति पत्र तर्जुमा र सार्वजनिकीकरण ।
८. बाल क्लब, किशोरी समुहको अगुवाईमा बालविवाह मुक्त विद्यालय टोल बस्ति घोषणा ।
९. बालविवाह मुक्त गाउँ टोल, वडा र गाउँपालिका घोषणा र यसको निरन्तरता ।

**च. बाल विवाह मुक्त क्षेत्र घोषणाका सुचकहरुः**

१. यो रणनीति लागू भए पश्चात बालविवाह मुक्त क्षेत्र घोषणा गर्ने वर्षमा २० वर्ष भन्दा मुनिका विवाहको संख्या शुन्य अवस्थामा रहेको हुनु पर्नेछ ।
२. विद्यालय तथा समुदायस्तरमा बाल अधिकार तथा बाल संरक्षणका सवालहरुमा वकालत गर्ने बाल क्लब र किशोरीहरुको समुह योजनाबद्ध रुपमा सक्रिय हुनु ।

अमर बहादुर कुँवर
गा.पा.अध्यक्ष



Scanned with OKEN Scanner

३. समुदायस्तरमा बालविवाह अन्त्यका लागि निगरानी समूह गठन (बाल क्लब, किशोरी समूह, महिला संजालको सहभागितामा) भई सक्रिय (सम्भावित घटना पहिचान, पैरवी, रोकको लागि परामर्श र घटना भइहालेको अवस्थामा उजुरी) रुपमा काम गर्दै आएका हुनु पर्नेछ ।

४. वडाको सार्वजनिक ठाँउमा बालविवाह विरुद्धका सचेतनामूलक सूचना संदेश बोर्डहरु राखिएको हुनु पर्नेछ ।

५. विवाह गर्ने व्यक्ति वा निजको परिवारले नजिकको बाल क्लब वा बाल अधिकार समितिबाट स्वीकृति वा सिफारिस लिएर मात्र विवाह गर्ने परिपाटी कायम भएको हुनेछ ।

६. नजिकको स्वास्थ्य संस्थाको तथ्यांक अनुसार बालविवाह मुक्त क्षेत्र घोषणा गर्ने वर्षमा २१ वर्ष उमेर नपुग्दै बच्चा जन्माउने आमाहरुको संख्या शून्य रहनु हुनु पर्नेछ ।

७. स्थानीय सरकारले (गाउँपालिका वा वडा कार्यालयहरु) वार्षिक रुपमा बालविवाह न्यूनिकरण शिर्षकमा बजेट बढोत्तरी गरि नियमित रुपमा कार्यक्रम गर्दै गरेको हुनुपर्नेछ ।

८. कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा किशोरी समूह गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक क्रियाकलापहरु संचालन गर्दै गरेको हुनु पर्नेछ ।

नोटः— माथि उल्लेखित सूचकहरु मध्ये ९० प्रतिशत सूचकहरु प्राप्त गरेको अवस्थामा बालविवाह मुक्त टोल, वडा र पालिका घोषणा गर्न सकिने छ ।

## १६. रणनीति कार्यान्वयनका लागी सरोकारवालाको भूमिका

| सि.न. | निकाय | भूमिका |
|---|---|---|
| १ | स्वास्थ्य संस्था | ✓ स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूमा आवश्यकतानुसार बाल विवाह र स-सानो उमेरमा हुने गर्भधारणलाई निरुत्साहन गर्ने कार्यक्रमहरू समावेश गर्ने ।<br>✓ बाल विवाहको विरुद्धको विषय किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा कार्यक्रमसँग एकीकृत गर्ने । |
| २ | शिक्षा शाखा तथा विद्यालयहरु | ✓ विवाह विरुद्ध र बाल विवाहले पुऱ्याउने हानिका विषयका कार्यक्रमहरु विद्यालय एवं यसको जोखिममा रहेका समुदायसम्म पुऱ्याउने ।<br>✓ बाल विवाहको जोखिममा परेका बालबालिका, विद्यालय बाहिरका बालबालिका वा पहिले नै बाल विवाह भई विविध जोखिममा परेका बालिकाहरूका लागि उपयुक्त शैक्षिक कार्यक्रम संचालन गर्ने । |
| ३ | प्रहरी कार्यालय | ✓ बाल विवाह रोकथाम वा निषेध गर्ने राष्ट्रिय कानुनको कार्यान्वयन गर्ने र दाइजो लगायत अन्य हानिकारक सामाजिक प्रथाको अन्त्य गर्ने अन्तर्गतका निकायलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।<br>✓ विद्यमान नीति र कानुन अनुसार बाल विवाह गर्ने गराउने व्यक्तिहरूलाई कानुन बमोजिमको कारवाही गर्ने गराउने व्यवस्था सुनिश्चित गर्ने । |
| ४ | गाउँ पालिका तथा वडा कार्यालय | ✓ बाल विवाह विरुद्धका कार्यक्रमहरूलाई स्थानीय बालमैत्री शासन कार्यक्रममा एकीकरण गरि बाल विवाह विरुद्धको अभियानलाई स्थानीय बालमैत्री शासनको अभिन्न अंगको रुपमा विकास गर्ने ।<br>✓ स्थानीय विकास प्रक्रियामा किशोरकिशोरीको सार्थक सहभागिता बढाउने ।<br>✓ पञ्जीकरण कार्यलाई प्रभावकारी बनाउने ।<br>✓ [illegible] व्यवस्थापन सहित प्रभावकारी कार्यक्रम संचालन गर्ने । |
| ५ | स्थानीय संचार माध्यम | ✓ बाल विवाहबाट बालिकाबालिकाको जीवनमा हुने नकारात्मक असर, विवाहको कानुनी उमेर, कानुन उल्लंघन गर्दा हुने सजायका विषयका साथै बाल विवाह लाई नैतिक मूल्य र मान्यता विरुद्धको रुपमा आम नागरिकमा चेतना गर्ने आम संचारका माध्यमको परिचालन गर्ने । |
| ६ | नागरिक समाज | ✓ बाल विवाहका विरुद्धमा सामाजिक आन्दोलन ल्याउन पैरवी र सचेतनाका कार्यक्रम संचालन गर्ने ।<br>✓ बाल विवाहको जोखिम रहेका क्षेत्रमा यस विरुद्धका कार्यक्रमहरु संचालन गर्ने ।<br>✓ बाल विवाहको अन्त्य गर्ने कार्यमा सरकार, सार्वजनिक संस्थाहरु र निजी क्षेत्रसँग सहकार्य गर्ने । |
| ७ | स्थानीय गैरसरकारी संस्था | ✓ बाल विवाहका विरुद्धमा सामाजिक आन्दोलन ल्याउनका कार्यक्रमहरु संचालन गर्ने ।<br>✓ समुदाय तथा व्यक्ति स्तरमा बालविवाह बढी भएका क्षेत्रको अवस्था पहिचान गरी टोल स्तरमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| ८ | निजि क्षेत्र | ✓ यातायात व्यवसायी, होटेल वाणिज्य संघ जस्ता नीजि व्यवसायी संघसंस्थाले बालविवाह भएको वा हुने सम्भावना देखेमा नजिकको प्रहरी चौकी वा सम्बन्धित परिवारलाई खबर गर्ने ।<br>✓ सार्वजनिक यातायातमा यात्रा गर्ने किशोर किशोरीको जोडी भए उमेरको अनुमान गरी वा |



[illegible signature and stamp]

Scanned with OKEN Scanner

| | | |
|---|---|---|
| | | संकास्पद देखिएमा नजिकको प्रहरी चौकीमा खवर गर्ने।<br>✓ संकास्पद बालबालिकाको उमेर सोधेर मात्रै यात्रा गर्न अनुमति दिने।<br>✓ बालविवाह गरी जोखिममा रहेका बालिकाहरुको राहत तथा पुनः स्थापनाका लागि सहयोग गर्ने। |
| ९ | निगरानी समुह | ✓ समुदाय तथा बिद्यालयहरुमा गठन भएका बाल क्लब र महिला संजालहरुको सहभागितामा निगरानी समुह गठन भई सम्भावित घटना पहिचान, पैरवी, रोकको लागि परामर्श र घटना घटिहालेको अवस्थामा उजुरी जस्ता कार्य गर्ने छन्। |

**१७. सहकार्य तथा समन्वय**

यो रणनीति तथा कार्ययोजना कार्यान्वयनको लागि बाल बिबाह अन्त्यको लागी क्रियाशील सबै संस्था तथा समुह र नेटवर्क हरुको सहयोग लिईने छ। पालिकामा रहेका आमासमुह, बाल कल्ब, युवा कल्ब, किशोरी समुह, किशोर समुह, अगुवा व्यक्ति दलित समुह संस्था, अपांगता भएका ब्यक्तिहरुका संस्था समुह बाल बिबाह बाट प्रभावित व्यक्ति तथा तिनका परिवारहरु लैंगिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत समुदाय कानुन निर्माण तथा कार्यान्वयन गर्ने निकाय तथा संयन्त्र राजनीतक दल स्थानीय प्रहरी, स्वास्थ्य संस्था विद्यालय, धर्मगुरु, नागरिक समाज, गैरसरकारी संस्था, निजि संस्था पेशागत संस्था तथा संजाल आदि बहुपक्षीय समन्वय तथा सहकार्यमा साझा अभियानको रुपमा हाम्रो साझा गन्तव्य २०३० सम्म बालविवाहको अन्त्य भन्ने मूलमन्त्र अनुसार काम गरिने छ।

**१८. स्रोत व्यवस्थापन :** यस रणनीतिक योजनामा समावेश भएका कार्य सम्पन्न गर्नका लागि देहायअनुसार श्रोत व्यवस्थापन कार्यनीतिहरु अवलम्बन गरिनेछ।

- वडा कार्यालय, गाउँपालिका, सामाजिक संघसंस्थाहरूसँग विद्यमान सेवा तथा स्रोतहरूको सदुपयोग र प्रभावकारी परिचालनका निम्ति आवश्यक समन्वय, सहकार्य तथा अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ। वडा कार्यालय र गाउँपालिकाबाट संचालित बालबालिका लक्षित कार्यक्रम यसै अन्तर्गत समावेश रहनेछन्।
- यस रणनीतिक योजनाको बिभिन्न सवाल तथा कार्यक्रममा केन्द्रीत रही आफ्नो कार्यक्षेत्र भित्र पर्ने क्रियाकलापहरू स्वयं सचांलन गर्न प्रेरित गर्ने गरी सरकारी कार्यालय एवम् स्थानीय तह, गैरसरकारी संस्थालाई आवश्यक प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्नका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सामाजिक संस्थाहरूलाई प्रोत्साहन गरिनेछ। यसको लागि वडा समिति तथा गाउँपालिकाले समन्वय र सहकार्यका लागि उपयुक्त वातावरण सृजना गरी यस रणनीतिक योजनाको लागि आवश्यक बजेट खर्च जुटाईने छ। वडा स्तरमा वडा बाल अधिकार समिति, समुदायस्तरको बाल अधिकार समिति, बाल समुह, किशोरी समुह, गैर सरकारी संस्थाको सहकार्यमा स्रोत परिचालन गरिने छ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

| क्रियाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सिमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| बाल विवाह विरुद्ध सूचना तथा निगरानी र रोकथामका लागि समुदायमा आधारित निगरानी समूह गठन एवं पुर्नगठन गर्ने । | अभिमुखिकरण तथा अन्तरकृया संचालन भइ वाल विवाह अन्त्यका लागि परिचालन भएका हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ फागुन देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ३५ |
| निगरानी समूह गठन गरि उक्त समूहले वालविवाह अन्त्यका लागि छलफल संचालन गरी बाल विवाह सम्बन्धि घटनाको सूचना वडा कार्यालय तथा प्रहरी कार्यालयमा जानकारी गराउने। | निगरानी समूह गठन भइ नियमित बैठक संचालन भएको तथा वालविवाह सम्बन्धि सूचना गराएको हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ फागुन देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ० |
| समुदायमा आधारित निगरानी प्रणाली निर्माण र सुदृढ बनाउन समुदाय, वडा कार्यालय, प्रहरी, जनप्रतिनिधिहरु बीच कार्यमूलक सम्बन्ध विस्तार गर्न नियमित वैठक संञ्चालन गर्ने। | समुदायमा निगरानी प्रणाली निर्माण भइ वालविवाहका घटना अन्त्य भएका हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ बैशाख देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ५० |
| बाल विवाहका घटनाहरुको उजुरी वडा कार्यालय मार्फत न्यायिक समिति र प्रहरीमा गर्ने । | वालविवाहका घटनाको उजुरी सम्वद्ध निकायमा भएको हुने | न्यायिक समिति र प्रहरीको प्रतिवेदन | २०८२ पौष देखि नियमित | महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | न्यायिक समिति युएनएफपीए | ० |
| बाल विवाहका घटनाहरुको उजुरीको लागि पालिकामा हट लाइनको व्यवस्था गरि प्राप्त सूचना, उजुरीलाई पालिका मार्फत प्रहरीलाई परिचालन गरि समाधान गर्ने | बाल विवाहका घटनाहरुको उजुरीको लागि पालिकामा हट लाइनको व्यवस्था भएको हुने | हट लाइनको रेकर्ड तथा प्रहरीको प्रतिवेदन | २०८२ वैशाख देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | गाउँ पालिका नेपाल दुरसंचार | ५० |
| समुदाय प्रहरी कार्यक्रम व्यापक रुपमा संचालन गर्ने । | समुदाय प्रहरी कार्यक्रम प्रभावकारी रुपमा संचालन | रिपोर्ट तथा फोटो | २०८१पौष देखि नियमित | महिला बालबालिका शाखा संग को समन्वयमा प्रहरी इकाई | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | गाउँ पालिका प्रहरी इकाई | १६० |

सुर्नया गाउँपालिकाको कार्यालय, रोडिबगर, बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल

अमर बहादुर कुँवर
गा.पा. अध्यक्ष

**१९. अनुमानित बजेट सहितको आगामी पाँच वर्षे कार्ययोजना :** बालबिवाह अन्त्यका लागि सुर्नाया गाउँपालिकाको अनुमानित बजेट सहितको आगामी पाँच (५) वर्षे कार्ययोजना (२०८१/८२-२०८५/८६)

| क्रियालाप | नतिजा | कार्य सम्पादन सूचक | समय सिमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| रणनीतिक उद्देश्य १. बाल विवाह अन्त्यका लागि स्थानिय रणनीति तथा कार्यक्रमहरु तय गरि प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | | | | | | | |
| गाउँपालिकाको बाल बिबाह अन्त्य रणनीति निर्माण गरि कार्ययोजना सहित लागु गर्ने । | रणनीति निर्माण भई लागु भएको हुनेछ । | रणनीति योजना | २०८१ मङ्सिर | महिला बालबालिका शाखा | गाउँपालिका तथा वडा स्तरमा कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति | युएनएफपीए एनएफसीसी | २०० |
| गाउँपालिकाको सबै वडाको बालविवाहको तथ्याङ्क संकलन तथा नियमित अद्यावधिक गर्ने प्रणालीको विकास गर्ने । | तथ्याङ्क संकलन तथा नियमित अद्यावधिक भएको हुने | सबै वडाको बालविवाह को तथ्याङ्क संकलन तथा अद्यावधिक भएको हुनेछ । | २०८१ चैत्र | महिला बालबालिका तथा पञ्जिकरण शाखा | गाउँपालिका तथा वडा स्तरमा कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति | युएनएफपीए तथा अन्य सहयोगी संस्था | २५० |
| गाउँपालिकाको भरि अभिभावक शिक्षा र कानुनी सचेतना कक्षा संचालन गर्ने । | अभिभावकहरुमा सचेतना बढेको हुने | निगरानी समूह बनेका | नियमित | महिला बालबालिका | गाउँपालिका तथा वडा स्तरमा कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ८०० |
| पालिकाको बालबालिकाको स्थिति पत्र सार्वजनिक गर्ने । | बालबालिकाको वास्तविक अवस्था पहिचान र योजना तय | बालबालिका को स्थिति पत्र प्रकाशन भएको हुनु | २०८२ अषाढ | महिला बालबालिका शाखा | गाउँपालिका तथा वडा स्तरमा कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ३०० |
| वडा कार्यालयमा बाल विवाहका असरहरु र कानूनी प्रावधानहरु सम्वन्धि जानकारीमूलक सूचना प्रदर्शन गर्ने । | बालविवाहका असरहरु र कानूनी जानकारी उल्लेख भएको पम्प्लेट छपाइ तथा वितरण हुने | सूचना प्रदर्शनी भएको हुने | नियमित ५ वर्ष | प्रशासन तथा स्वास्थ्य शाखा | गाउँपालिका तथा वडा स्तरमा कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति | युएनएफपीए तथा अन्य सहयोगी संस्था | २०० |

सुर्नया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रौलेश्वर, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

अम्मर बहादुर कुंवर
गा.पा.अध्यक्ष

| क्रियालाप | नतिजा | कार्य सम्पादन सूचक | समय सिमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| बाल बिबाह अन्त्य रणनीतिको बार्षिक समिक्षा गर्ने र कार्ययोजना अध्यबधि गर्ने । | रणनीति समिक्षा तथा कार्ययोजना अध्यावधि भएको | अपडेट रणनीति र योजना | हरेक आर्थिक बर्षको अन्त्यमा | गाउँ पालिका | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, | गाउँ पालिका महिला बालबालिका शाखा | ५० |
| रणनीतिक उद्देश्य २. बाल विवाह अन्त्यका लागि संस्थागत संरचना सुदृढिकरणका माध्यमबाट सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने । | | | | | | | |
| बाल विवाह अन्त्यका लागि मनोबिमर्शकर्ता र सामुदायिक मनोबिमर्शकर्ताहरु मार्फत समुदायमा पारिवारिक संवाद, परामर्श सेवा संचालन गर्ने | मनोबिमर्शकर्ताहरु मार्फत समुदायमा पारिवारिक संवाद, परामर्श सेवा संचालन भएको हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८२ बैशाख देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए तथा अन्य सहयोगी संस्था | १८० |
| बालवालिकामाथि हुने हरेक खाले भेदभाव, शोषण, कुटपिट, हिंसा, दुव्यवहारबाट बालबालिकाले आफूलाई सुरक्षित राख्ने विषयमा तालिम तथा अन्तकृया संचालन गर्ने । बाल हेल्पलाईन १०९८, जिप्रका १००. र महिला बालबालिका सेवा केन्द्र १०४ बारे जानकारी गराउने । | बालबालिकाहरुमा कानुनी सचेतनामा बृध्दि भई बालबिबाहमा कमि आएको हुनेछ | बार्षिक र नियमित रुपमा प्रत्येक वडा ५ वटा भन्दा बढी कार्यक्रम संचालन भएको | बार्षिक रुपमा नियमित | महिला बालबालिका शाखा | गाउँपालिका तथा वडा स्तरमा कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति | युएनएफपीए तथा अन्य सहयोगी संस्था | १७५ |
| सवै विद्यालयहरुमा किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना गर्ने तथा भएकालाइ सुदृढीकरण गर्ने | किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना भएको हुने | अनुगमन प्रतिवेदन र विद्यालयको निर्णय | २०८२ असार | शिक्षा शाखा | स्थानीय बाल अधिकार समिति, वि.ब्य.स. पालिका अनुगमन समिति, | सा.वि.म., शि.वि.स.ई. युएनएफपीए | ९० |
| बाल विवाह अन्त्यका लागि समुदायका अगुवा, शिक्षक, नागरिक अगुवाहरुका लागि अभिमुखिकरण र अन्तरक्रिया कार्यक्रम संचालन गरि समुदायमा सचेतनामूलक अभियान संचालन गर्ने । | समुदायका अगुवाहरुलाइ अभिमुखिकरण तथा अन्तेर्क्रिया संचालन भइ वाल विवाह अन्त्यका लागि परिचालन भएका हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ फागुन देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ४५० |

बहादुर कुँवर
गा.पा.अध्यक्ष

| क्रियालाप | नतिजा | कार्य सम्पादन सूचक | समय सिमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| विद्यालयमा स्थापना गरिएका किशोरकिशोरी मैत्री सूचना-केन्दलाई सक्रिय बनाउनका लागि बार्षिक कार्य योजना निर्माण गर्ने | बार्षिक कार्य योजना निर्माण भएको हुने | कार्ययोजना को कपी | २०८२ भाद्र नियमित | शिक्षा शाखा | स्थानीय वाल अधिकार समिति, वि.ब्य.स. पालिका अनुगमन समिति, | सा.वि.म., शि.वि.स.ई. युएनएफपीए | ८० |
| संघीय, प्रदेश सरकार र अन्य सरोकारवालाहरुको समन्वय र सहकार्यमा किशोरी लक्षित विशेष प्राविधिक शिक्षा कार्यक्रम लागु गर्ने। | किशोरी लक्षित विशेष प्राविधिक शिक्षा लागू भएको | विभिन्नतह का सरकारको निर्णय | नियमित | शिक्षा शाखा | स्थानीय वाल अधिकार समिति, वि.ब्य.स. पालिका अनुगमन समिति, | सा.वि.म., शि.वि.स.ई. युएनएफपीए | १८०० |
| छोरी जन्मेपछि तत्काल पालिकाले छोरीको नाममा २० बर्षे शर्त सहितको खाता खोलीवालविवाहमा नपरेका सवै किशोरीलाइ मात्र भुक्तान हुने गरि निश्चित रकम जम्मा गर्ने। | छोरीको नाममा वैंक खाता खोली रकम जमा भएको हुने | खाता खोलेको रेकर्ड | कार्ययोजना शुरु भएको एक बर्ष र नियमित | महिला वालवालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | सामाजिक विकास मन्त्रालय | १००० |
| छोरीको विवाह हुन पूर्वको अवधिका लागि गुणस्तरीय उच्च शिक्षा र स्वास्थ्यको पहुँच सुनिश्चितता गर्न अतिरिक्त र विशेष छात्रबृतिको ब्यवस्था गर्ने। | विशेष छात्रबृति कोषस्थापना भएको हुने | छात्रबृति वितरण गरेको रेकर्ड | कार्ययोजना शुरु भएको एक बर्ष र नियमित | शिक्षा शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | सा.वि.म., शिविसई | ५०० |
| वालविवाहका परिणामका बारेमा स्थानीय एफएम रेडियो र सामाजीक संजाल मार्फत सन्देशमूलक सूचना प्रवाह गर्ने। | स्थानीय एफएमवाट सन्देशमूलक सूचना प्रवाह भएको हुने | एफएम रेडियोसंगको सम्झौतापत्र | २०८१मंसिर देखि नियमित | महिला वालवालिका /स्वास्थ्य शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | साविका, स्वासेका, युएनएफपीए | ५० |
| बाल विवाह मुक्त टोल, वडा र नगर घोषणा कार्यक्रम संचालन गर्ने। | हरेक वर्ष कम्तिमा २ वडा बाल विवाह मुक्त टोल, वडा र नगर घोषणा भएको हुने | बाल विवाह मुक्त घोषणा भएको प्रतिवेदन तथा फोटोहरु | २०८१ मंसिर देखि नियमित | महिला वालवालिका तथा पञ्जिकरण शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ३०० प्रतिवर्ष |
| बाल कल्व गठन, पुन:गठन र नियमित परिचालन। | बाल क्लबहरु नियमित सक्रिय रुपमा परिचालन भएका | बाल क्लब अध्याबधि डाटा | बार्षिक रुपमा नियमित | महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | महिला बालबालिका शाखा | १०० |
| बाल विवाह अन्यका लागि किशोर किशोरिहरुलाइ | सामाजिक तथा वित्तिय | कार्यक्रम | २०८१ | शिक्षा, | स्थानीय वाल अधिकार | युएनएफपीए | २०० |

अमर बहादुर ...
गा.पा.अध्यक्ष



Scanned with OKEN Scanner

| क्रियाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सिमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| सामाजिक तथा वित्तिय सीप सम्बन्धि रुपान्तरण प्याकेज संचालन गर्ने | सीप सम्बन्धि रुपान्तरण प्याकेज संचालन भएको हुने | संचालन प्रतिवेदन तथा फोटो | फागुन देखि नियमित | स्वास्थ्य र महिला बालबालिका शाखा | समिति, पालिका अनुगमन समिति, जिसस | तथा अन्य सहयोगी संस्था | |
| **उद्देश्य ३.** बाल विवाहको जोखिममा रहेका समुदाय लक्षित कार्यक्रमहरु तय गर्ने । | | | | | | | |
| महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका, आमा समूह, महिला सहकारी संस्था, सामुदायिक सिकाइ केन्द्र,किशोरकिशोरी संजाल, वालक्लव, वालसंजाल, किशोरी संजाल, निगरानी समुह, जुरेस, युरेस, स्काउट, युवा क्लव तथा समूह बैठकमा वाल विवाहका परिणामका बारेमा छलफल अभिमुखिकरण गरि उनिहरु मार्फत समुदायमा सचेतनामूलक अभियान संचालन र उजुरी प्रक्रिया बारे जानकारी | अभिमुखिकरण तथा अन्तरकृया संचालन भइ वाल विवाह रोकिएका हुनेछन | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ फागुन देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ५० |
| बालविवाह को जोखिम बढी वहेको वस्ती पहिचान तथा विशेस कार्यक्रम गर्ने । (जस्तै मागमा आधारित आयआर्जन सहयोग कार्यक्रम) | बस्ति विशेस आम्दानी वृध्दि कार्यक्रम संचालन मा आएको हुनेछ | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ माघ देखि नियमित | गाउँपालिका महिला बालबालिका शाखाको अगुवाई मा कृषि तथा पशु शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | गाउँपालिका महिला बालबालिका शाखाको अगुवाई मा कृषि तथा पशु शाखा | ५१३९ |
| वाल विवाह अन्त्य अभियान संचालन गर्न पालिका भित्र Role model हरु पहिचान गरी परिचालन गर्ने | वालविवाहको अन्त्यकालागि पालिकामा रोलमोडेलहरु परिचालन भएका हुने | पालिकामा संचालन गरेका कृयाकलाप को फोटो तथा प्रतिवेदन | २०८२ वैशाख देखि नियमित | महिला वालवालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | सा.वि.म., युएनएफपीए | १०० |
| आमा समूहका नियमित वैठकहरुमा वाल विवाह | आमा समूहमा नियमित | कार्यक्रम | २०८१ | स्वास्थ्य र | स्थानीय वाल अधिकार | युएनएफपीए | १०० |

गा.पा.अध्यक्ष



Scanned with OKEN Scanner

| क्रियाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सिमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| अन्त्य सम्वन्धि अन्तरकृया तथा छलफल गर्ने | रुपमा वालविवाह सम्वन्धि छलफल तथा अन्तरकृया भएको हुने | संचालन प्रतिवेदन तथा फोटो | फागुन देखि नियमित | महिला बालबालिका शाखा | समिति, पालिका अनुगमन समिति, | तथा अन्य सहयोगी संस्था | |
| पारिवारिक र मानवीय सम्बन्ध सुदृढीकरण गर्नका लागि अन्तरपूस्ता सम्वाद, पारिवारिक सम्बाद कार्यक्रम संचालन गर्ने | सवै वडामा अन्तरपूस्ता सम्बाद, पारिवारिक सम्बाद कार्यक्रम संचालन भएको हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८२ बैशाख देखि नियमित | महिला बालबालिका, शिक्षा / स्वास्थ्य शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ४५० |
| किशोरकिशोरीहरुको समूह गठन गरी बालविवाह विरुद्धको अभियान संञ्चालन गर्ने | बालविवाह विरुद्धको अभियान संञ्चालन नियमित हुने। | अभियानको उपस्थिति र फोटोहरु | २०८२साल बैशाख देखि | शिक्षा शाखा | स्थानीय वाल अधिकार समिति, वि.ब्य.स. पालिका अनुगमन समिति, | सा.वि.म., शि.वि.स.ई. युएनएफपीए | ४५० |
| उद्देश्य ४. वाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुमा बहुपक्षिय संलग्नता सुनिश्चित गरि प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने । | | | | | | | |
| बाल विवाह अन्त्यका लागि सम्भाब्य किशोर किशोरीहरुकालागि सामाजिक तथा वित्तिय सीप सम्बन्धि रुपान्तरण प्याकेज संचालन गर्ने | रुपान्तरण प्याकेज संचालन भएको हुने | उपस्थिति तथा फोटो | २०८१ चैत्र देखि नियमित | महिला वालवालिका शाखा/उदधम शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | साझेदार संस्था, युएनएफपीए | ५४० |
| बाल विवाह अन्त्यका लागि अभिभावकहरुका लागि रुपान्तरण प्याकेज संचालन गर्ने | रुपान्तरण प्याकेज संचालन भएको हुने | उपस्थिति तथा फोटो | २०८१ चैत्र देखि नियमित | महिला वाल वालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | साझेदार संस्था, युएनएफपीए | ४५० |
| पारिवारिक र मानवीय सम्बन्ध सुदृढीकरण गर्नका लागि अन्तरपूस्ता सम्वाद, पारिवारिक सम्वाद कार्यक्रम संचालन गर्ने | पारीवारीक सम्वाद कार्यक्रम लक्षीत समुदायमा संचालन भएको हुने | कार्यक्रम सम्पन्न प्रतिवेदन तथा फोटोहरु | २०८२ वैशाख देखि नियमित | महिला वालवालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | साझेदार संस्था, युएनएफपीए | ५०० |
| बाल विवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरु मनोसामाजिक परामर्श र स्वास्थ्य उपचार प्रदान गर्ने | प्रभावितहरुलाइ सुरक्षित आवास गृहमा संरक्षण प्रदान भएको हुने | सुरक्षित आवास गृह तथा प्रहरी प्रतिवेदन | २०८२ बैशाख देखि नियमित | महिला बालबालिका र स्वास्थ्य शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए तथा अन्य सहयोगी संस्था | १०० |
| बाल विवाहबाट प्रभावित एवं वालविवाहको जोखिममा रहेका किशोरकिशोरीहरुलाई सीपमूलक | प्रभावितहरुलाइ सुरक्षित आवास गृहमा | सुरक्षित आवास गृह | २०८२ बैशाख देखि | महिला बालबालिका र | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन | युएनएफपीए तथा अन्य | १०० |

| क्रियाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सिमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| तालीम प्रदान गरी उनीहरुका लागि रोजगारी सृजना गर्ने | संरक्षण प्रदान भएको हुने | तथा प्रहरी प्रतिवेदन | नियमित | स्वास्थ्य शाखा | समिति, | सहयोगी संस्था | |
| बालविवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुको संरक्षण, सीपमूलक तालीम प्रदान तथा व्यवसाय संचालन सहयोगका लागि छुट्टै अक्षय कोषको व्यवस्था गर्ने | प्रभावितहरुलाइ सुरक्षित आवास गृहमा संरक्षण प्रदान भएको हुने | सुरक्षित आवास गृह तथा प्रहरी प्रतिवेदन | २०८२ बैशाख देखि नियमित | महिला बालबालिका र स्वास्थ्य शाखा | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए तथा अन्य सहयोगी संस्था | १०० |
| बालविवाह विरुद्धका सचेतना कार्यक्रम संचालन गरी विद्यालय बाहिर रहेका किशोरकिशोरीहरु शसक्त गरी विद्यालय पुन: भर्ना गर्ने अभियान संञ्चालन गर्ने | बिद्यालयको खुद भर्नादरमा बृद्धि भएको हुने। | विद्यालयको भर्ना रजिष्टर को रेकर्ड | प्रत्येक आ व को बैशाख महिनामा | शिक्षा शाखा | स्थानीय बाल अधिकार समिति, वि.ब्य.स. पालिका अनुगमन समिति, | सा.वि.म., शि.वि.स.ई. युएनएफपीए | १५० |
| विद्यालय बाहिर रहेका किशोरकिशोरीहरुको तथ्याकं संकलन तथा पहिचान गरि उनिहरुको आवश्यकता अनुसार सीपमूलक तालीमहरु संचालन गर्ने | आवश्यकतामा आधारित सीपमूलक तालीमहरु संचालन भएको हुने। | तालिमको उपस्थिति र फोटोहरु | २०८२ साल भित्र | शिक्षा शाखा | स्थानीय बाल अधिकार समिति, वि.ब्य.स. पालिका अनुगमन समिति, | सा.वि.म., शि.वि.स.ई. युएनएफपीए | ४५० |
| बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुका अभिभावकहरुलाई बाल विवाहका परिणाम र प्रभावहरु सम्बन्धि सचेतना संचालन गर्ने। | बाल विवाहका परिणाम र प्रभावहरु सम्बन्धि सचेतना संचालन भएको हुने | प्रगति प्रतिवेदन तथा फोटोहरु | २०८२ बैशाख देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ९२ |
| बाल विवाहबाट प्रभावित किशोरकिशोरीहरुलाई आवश्यकता अनुसार सुरक्षित आवास गृहमा संरक्षण प्रदान गर्न प्रेषण गर्ने। | प्रभावितहरुलाइ सुरक्षित आवास गृहमा संरक्षण प्रदान भएको हुने | सुरक्षित आवास गृह तथा प्रहरी प्रतिवेदन | २०८२ बैशाख देखि नियमित | महिला बालबालिका र स्वास्थ्य शाखा | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए तथा अन्य सहयोगी संस्था | १०० |
| सामाजिक, सांस्कृतिक अभियान कार्यक्रम (भेला, मेला/जात्रा) हरुमा बाल विवाहको विरुद्ध विभिन्न सचेतना गर्ने। | स्थानीय भेला, मेला तथा जात्रामा बाल विवाहको विरुद्ध सचेतनामूलक कृयाकलापहरु संचालन भएको हुने | सचेतना संचालन प्रतिवेदन तथा फोटोहरु | २०८१ चैत्र देखि नियमित | स्वास्थ्य शाखा | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए तथा अन्य सहयोगी संस्था | २०० प्रति वर्ष |

अमर बहादुर कुवँर
गा.पा. अध्यक्ष

| क्रियालाप | नतिजा | कार्य सम्पादन सूचक | समय सिमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्याकंन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| धार्मिक गुरु, धामी, झाँक्रीहरुलाई छोराछोरीबीच गरिने भेदभाव र बाल विवाह अन्त्यका लागि सोच, ब्यवहार परिवर्तन सम्बन्धि अभिमुखिकरण तथा अन्तरकृया संचालन गरि सचेतनामूलक अभियान संचालन गर्ने | बालविवाह अन्त्यका लागि अभिमुखिकरण तथा अन्तरकृया संचालन भएको हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ फागुन देखि नियमित | महिला बालबालिका शाखा | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | सा.वि.म, साविका, स्वासेका, युएनएफपीए | १८० |
| **उद्देश्य ५. बाल विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्ने ।** | | | | | | | |
| पालिकाले बाल विवाहको अन्त्यका लागि छोराछोरीबीच विभेद निराकरण गर्ने नियमित कार्यक्रम संचालन गर्दा cross cutting रुपमा सचेतना अभियान संचालन गर्ने | पालिकाको नियमित कार्यक्रमहरुमा बालविवाहको अन्त्य बारे जानकारी दिएको हुने | अभियान संचालन प्रतिवेदन | २०८२ वैशाख देखि नियमित | सबै विषयगत शाखाहरु र काम गर्ने संघ संस्थाहरु | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, | सा.वि.म., युएनएफपीए | ० |
| पालिकामा कार्यरत गैं.स.स.हरुको पहिचान गरी यस कार्ययोजनालाई सघाउने र योगदान पुग्ने गरी एकिकृत कार्यक्रम संचालन गर्ने पहल र समन्वय गर्ने । | सरोकारवालाहरुको बैठक गरि संयुक्त कार्यक्रम तय भएको | बैठक संचालन माइन्युट | नियमित | महिला बालबालिका शाखा | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | साझेदार संस्था, युएनएफपीए | ० |
| पालिकाको योजना तर्जुमा चरणमा सबै संस्थाहरुको सहभागिता अनिवार्य गर्ने । | योजना चरण मा सहभागिता भएको हुनेछ । | बैठक संचालन माइन्युट | नियमित | महिला बालबालिका शाखा | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, | साझेदार संस्था, युएनएफपीए | ० |
| पालिकाको बार्षिक कार्यक्रम संचालनका लागि दातृ निकाय, स्थानीय गैर सरकारी संस्था र सरोकारवालाहरुको सहकार्य र साझेदारीका लागि एकद्वार प्रणालीमा आवद्ध गर्ने | प्रभावितहरुलाइ सुरक्षित आवास गृहमा संरक्षण प्रदान भएको हुने | सुरक्षित आवास गृह तथा प्रहरी प्रतिवेदन | २०८२ वैशाख देखि नियमित | महिला बालबालिका र स्वास्थ्य शाखा | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ५० |
| बाल विवाहका घटना, बाल विवाह विरुद्ध संचालित कार्यक्रमको अनुगमनका लागि पालिकामा गठित अनुगमन संयन्त्रलाई जिम्मेवार बनाइ नियमित अनुगमन गर्ने | अनुगमन संयन्त्रबाट नियमित अनुगमन भएको हुने | अनुगमनको फोटो र प्रतिवेदन | हरेक वर्ष नियमित | महिला बालबालिका शाखा | स्थानीय बालअधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ५० |
| बाल विवाहका घटना, बाल विवाह विरुद्ध समुदायमा संचालित कार्यक्रमहरुको वडास्तरमा समिक्षा, अनुगमन मूल्यांकन गर्ने | वडास्तरमा अनुगमन तथा समिक्षा भएको हुने | अनुगमनको फोटो तथा समीक्षा | हरेक वर्ष नियमित | महिला बालबालिका शाखा | स्थानीय बालअधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ५४ |

अमर बहादुर कुवंर
गा.पा.अध्यक्ष



Scanned with OKEN Scanner

| क्रियाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सिमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| | | प्रतिवेदन | | | | | |
| कार्ययोजना कार्यान्वयन सम्बन्धि प्रगति प्रतिवेदन तयार गरी सार्वजनीक गर्ने र प्रदेश र संघीय सरकारमा पेश गर्ने । | प्रगति प्रतिवेदन पेश गरेको हुने | प्रगति प्रतिवेदन / फोटोहरु | नियमित | महिला वालवालिका शाखा | स्थानीय वालअधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए तथा अन्य सहयोगी संस्था | ० |
| कार्ययोजना कार्यान्वयनको प्रभावकारीता बारे बार्षिक समिक्षा गर्ने र समिक्षाबाट आएको सुझावको आधारमा कार्ययोजना अद्यावधिक गर्ने । | नियमित रुपमा समीक्षा भइ कार्य योजना अद्यावधिक भएको हुने | समिक्षा गोष्ठीको उपस्थिति तथा प्रतिवेदन | वार्षिक रुपमा नियमित | महिला वालवालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए तथा अन्य सहयोगी संस्था | १०० |
| यस रणनीति अवधिको जम्मा बजेट रु एक करोड पैसठ्ठी लाख पच्चीस हजार रहेको छ भने बार्षिक रुपमा रु पचास लाख भन्दा बढी बजेट बिनियोजन गरेर बाल बिबाहको अन्त्यको लागि प्रभावकारी कम गर्न सकिन्छ । यस रणनीति योजनामा सहयोगी निकायको रुपमा समेटिएको युएनएफपीए, एनएफसिसि ले श्रोतको उपलब्धताको आधारमा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने गरि जिम्मेवारी प्रदान गरिएको छ । | | | | | | | १६५२५ |

अमेर बहादुर
गा.पा.अध्यक्ष

अनुसुचिहरु

क. पालिकाको बैठकका उपस्थिति र माइन्यूटहरु

ख. पालिकाको बैठकका फोटोहरु

ग. कार्यक्रमका मुख्य मुख्य नाराहरु

छोरा र छोरी, दुवै बराबरी।

बाल अधिकारको संरक्षण, सामाजिक विकासको प्रबर्धन।

बिहेवारी, वीस वर्ष पारी।

स्वस्थ्य र सक्षम बालबालिका, बालविवाह मुक्त सुर्नया गाउँपालिका।

गुणस्तरीय शिक्षा, हामी सबैको सदिच्छा

घ. संक्षिप्त शब्दावलीको जानकारी

सा.वि.म. = सामाजिक विकास मन्त्रालय

जिसस = जिल्ला समन्वय समिति

जि.प्रशा.का. = जिल्ला प्रशासन कार्यालय

सा.वि.का.= सामाजिक विकास कार्यालय

शिविसई = शिक्षा विकास तथा समन्वय ईकाइ

स्वासेका = स्वास्थ्य सेवा कार्यालय

यूएनएफपीए = संयुक्त राष्ट्र संघीय जनसंख्या विकास कोष

गैसस = गैरसरकारी संस्था

NFCC: नेपाल परिवार स्याहार केन्द्र

UNFPA: United Nations Fund for Population Activities

ङ. स्रोत तथा सन्दर्भ सामग्री

नेपालको संविधान, २०७२

बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

मुलुकी देवानी संहिता, २०७४

मुलुकी अपराध संहिता, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४

बालबालिकासम्बन्धी ऐन, २०७५

प्रदेश बालिकासम्बन्धी ऐन, २०७६

अम्बर बहादुर
गा.पा. अध्यक्ष

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैतडी, नेपाल

+ समाप्त +